# लेखापरीक्षण प्रतिवेदन

## गुल्मीदरबार गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# गुल्मीदरबार गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/601

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
गुल्मी दरबार गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,
गुल्मी।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३ करोड ९ लाख २६ हजार ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२१ लाख, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.४ लाख ६ हजार र गरिबसंग विश्वेशर कार्यक्रमको रु.४ लाख १५ हजारसमेत गरी रु. १३ करोड ३८ लाख ४७ हजार सुत्रमा समावेश गरेको छैन।

२. गुल्मी दरबार गाउँपालिकाको रु.१ अर्व १२ करोड ३६ लाख ९७ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड ६६ लाख ५० हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.२३ लाख २८ हजार प्रतिक्रियाबाट फर्स्यौट तथा रु.४ हजार थप भई भई बाँकी बेरुजु रु.२ करोड ४३ लाख २६ हजार मध्ये असुल गर्नुपर्ने रू. २ लाख १२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८४ लाख १९ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५६ लाख ६५ हजार र पेस्की बाँकी रु.३० हजार रहेको छ। गत वर्षसम्मको बाँकी बेरुजु रु.५ करोड ८१ लाख २१ हजारमध्ये रु.८२ हजार फर्स्यौट भई सम्परीक्षण पश्चात रु.५ करोड ८० लाख ३९ हजार बेरुजू बाँकी रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु. ८ करोड २३ लाख ६५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गुल्मी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

गुल्मीदरबार गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गुल्मीदरबार गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका

जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १३४ | ११७ | २,६६,४९,७९६ | ० | ६७ | २३,२८,१०५ | ४,२८४ | १३४ | ५० | २,४३,२५,९७४ | २,११,९६७ | १,५६,६५,०२२ | ८४,१८,९८५ | ० | ० | २,४०,८४,००७ | ३०,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | ५,८१,२१,००० | ० | ८१,७०० | ५,८०,३९,३०० | ० | २,४३,२५,९७४ | ८,२३,६५,२७४ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ७९ | प्रमाण पेश नभएको | ८०,००० |
| २ | २०७९/८० | २४ | राजस्व असुली | १,७०० |
| ३ | २०८०/८१ | १२०.१ | पेश्की व्यवस्थापन | २,००,००० |
| ४ | २०८०/८१ | ४० | पारिश्रमिक कर कट्टी नगरेको | २७,२७० |
| ५ | २०८०/८१ | ६९.१ | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ६,५०,००० |
| ६ | २०८०/८१ | ४५ | अनुगमन भत्ता | २९,७५० |
| ७ | २०८०/८१ | ११७.१ र ११७.२ | म्यालपोखरी मा.वि गौडाकोट गुल्मी, कक्षाकोठा निर्माण | २७,९२५ |
| ८ | २०८०/८१ | ५० | मेशिन खरिद | २,२६,००० |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८०/८१ | ४३ | स्थानीय भत्ता | ११,६७,१६० |
| | | | जम्मा | २४,०९,८०५ |

# (८०५५२५०३३०० - गुल्मीदरबार गाउँपालिका, गुल्मी )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ७ वडा, ७९.९९ वर्ग किलोमिटर क्षेत्रफल तथा जनगणना २०७८ बमोजिम १९२९६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।६ देखि २०८१।५।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.१ अर्व १२ करोड ३६ लाख ९७ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१

| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
|---|---|---|---|
| | | जम्मा | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ७५३१६०४०.२५ | ८५२७८३५८.९९ |
| १३००० | अनुदान | ३२९७४२२४२.७६ | ३६१०४७७७१.५२ |
| १४००० | अन्य राजस्व | ३३३१८६५.९६ | १८९६७००. |
| १५००० | विविध प्राप्ति | १७००. | ० |
| क | कुल जम्मा प्राप्ति | ४०८३९१८४८.९७ | ४४८२२२८३०.५१ |
| ३ | चालु | ३०९४८७६९२.२३ | ३२२३२१६३३.११ |
| २१००० | पारिश्रमिक / सुविधा | १८२१४६८३६.२७ | ६५२४५९७५.६२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८२४०६७८७.३८ | ९६७८५७६९.७५ |
| २५००० | सहायता (Subsidy) | ८६५३७५. | १००३२२५. |
| २६००० | अनुदान | ३३८०४२९६.५ | १४९४११५९२.२४ |
| २७००० | सामाजिक सुरक्षा | ७५६४८८७.०८ | ७१२४६५४.५ |
| २८००० | अन्य खर्च | २६९९५१०. | २७५०४१६. |
| ४ | पूंजीगत | ११८५२४०२३.०९ | १४८०८६३२९.०७ |
| ३१११० | भवन तथा संरचना | ३४९५३६१३.६७ | ६३५१८१९१. |
| ३११२० | सवारी साधन , मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स | ७६३९७४२. | ७९५९३५९. |
| ३११३० | अन्य पूँजीगत खर्च | २९८३५९०. | ० |
| ३११५० | सार्वजनिक निर्माण | ७२५६५००८.४२ | ७३९८१७२६.०७ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ३८२०६९. | ६७७३७४. |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | १९४९६७९. |
| ख) | कुल जम्मा भुक्तानी | ४२८०११७१५.३२ | ४७०४०७९६२.१८ |
| ग) | बचत / कमी (ग = क-ख ) | -१९६१९८६६.३५ | -२२१८५१३१.६७ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ११७३१६५४.६३ | ३९६५५५८.५४ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -५३६. | -२४५०. |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | -७८८८२११.७२ | -१८२१९५७३.१३ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ३३९३२९६३.५१ | ५२१५२५३६.६४ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | २६०४४७५१.७९ | ३३९३२९६३.५१ |

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३०९२६४९०।– ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २१०००००।०० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ४०६०००।– र गरिबसंग विश्वेशर कार्यक्रमको रु.४१५०००।– समेत गरी रु. १३३८४७४९०।– सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | बजेट रु. | खर्च रु. |
|---|---|---|
| सामाजिक सुरक्षा | १३०९२६४९० | १३०९२६४९० |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २१००००० | २१००००० |
| गरिव संग विशेश्वर कार्यक्रम | ४१५००० | ४१५००० |
| एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम | ४०६००० | ४०६००० |
| जम्मा | १३३८४७४९० | १३३८४७४९० |

२.३ **फरक हिसाव** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७० ) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.४२५७९०४३।२९, यस वर्षको प्राप्ति रु.१३७३५६२०८।८ यस वर्षको भुक्तानी रु. १४४२५०२९६।१२ र बैङ्क मौज्दात रु. १७५१९९२।४९ फरक परेको छ। उक्त फरक रु.१७५१९९२।४९ धरौटी रकम दोहोरो लेखांकन भई नेगटिभ देखिएकोले सुत्रमा घटी मौजदात देखिएको जनाएको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ। फरक परेको रकम एकीकृत आर्थिक विवरण अनुसार देखिएकोले उक्त रकम सुत्र प्रणालीमा एकिन गरी आम्दानी बाँध्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बैङ्क मौज्दात रु. |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ४२५७९०४३.२९ | ५६१४१३७९०.९२ | ५७६१९६०८९.९३ | २७७९६७४४.२८ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३३९३२२६३.५१ | ४२४०५७५८२.१ | ४३१९४५७९३.८ | २६०४४७५१.७९ |
| फरक | ८६४६०७९.७८ | १३७३५६२०८.८ | १४४२५०२९६ | १७५१९९२.४९ |

२.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको एकीकृत आय व्यय विवरण तथा लेखापरीक्षण प्रतिवेदन अनुसार अन्तिम मौज्दात रु. ४२५७९०४३.२९ रहेकोमा यो वर्षको सुत्रको म.ले.प.२७० प्राप्ति तथा भुक्तानी शुरु मौज्दात रु. ३३९३२९६२.५१ मात्र जिम्मेवारी सारेको छ । जस अनुसार गत वर्षको एकीकृत आय व्यय विवरण तथा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ८६४६०७९.७ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा बैंक हिसाब मिलान तयार गर्नुपर्दछ । यस सम्बन्धमा पालिकाले देहाय अनुसार पेश गरेको छ ।

| विवरण | गतवर्षको जिम्मेवारी |
|---|---|
| गत वर्षको बैंक मौज्दात स्रेस्ता अनुसार | ३४५९४६९८.५१ |
| पुरानो धरौटी स्रेस्तामा नदेखिएको | ६८८१८९४.७८ |
| कर्मचारी कल्याण कोष स्रेस्तामा नदेखिएको | १०००००० |
| विविध खर्च खाताको स्रेस्तामा नदेखिएको | १००००० |
| जम्मा | ४२५७६५९३.३ |
| गत वर्षको मौजदात बैंक अनुसार | ४२५७९०४३.२९ |
| फरक | २४५० |

२.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:
पालिकाले बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| संकेत | कोष खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|---|
| १ | २ | | | |
| ग १.१ | आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग १.२ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ग १.३ | आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | १०३४८०७४.६२ | १०३४८०७४.६२ | ० |
| ग ३.१ | स्थानीय तह धरौटी खाता | ९३४८३५४.१७ | ११०९९८१०.६६ | १७५१४५६.४९ |
| ग २.१ | चालू खर्च खाता- विजोर वर्ष | ० | ० | ० |
| ग २.२ | चालू खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग २.३ | पूँजिगत खर्च खाता- विजोर वर्ष | -५३६ | ० | ५३६. |
| ग २.४ | पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग ५.१ | स्थानीय तह विविध कोष खाता | ५९९५२५० | ५९९५२५० | ० |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३५३६०९ | ३५३६०९ | ० |
| जम्मा | | २६०४४७५१.७९ | २७७९६७४४ | १७५१९९२.४९ |

२.६ **वित्तीय प्रतिवेदनहरुको सार्वजनिकरण** - आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायीत्व ऐन,२०७६को दफा ५६ र नियमावली, २०७७ को नियम ७३ बमोजिम प्रत्येक कार्यालयले महिना समाप्त भएको सात दिनभित्र खर्चको फाँटवारी, फस्यौट हुन बाँकी पेश्कीको विवरण, राजस्व धरौटीको विवरण, राजस्वको वैँक हिसावको विवरण र धरौटी मिलान विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा

रहेको अभिलेखसँग रुजु गरी तालुक कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस कार्यालयले सो गरेको पाइएन। यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

२.७ **दायित्व भुक्तानी** – पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्ति विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु.५३६ देखाएको छ । यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५३६ |

## ३ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८१ असार मसान्तमा संघ तर्फको रु. १२८२४३६०।४७ र प्रदेश तर्फको रु. २३८३७५९।७७ अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०८१-०३-३१ मा फिर्ता गरेको विवरण पेश गरेको छ ।

| सि.नं. | अनुदानको विवरण | कुल आम्दानी | कुल खर्च | संघ / तथा प्रदेशमा फिर्ता रकम | फिर्ता मिति र भौचर नं | अनुदान प्रदान गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| 1 | शर्शत अनुदान चालु | १९५९८९००० | १८३३९५७१७.५ | १२५९३२८२.४७ | २०८१-०३-३१/०७७०९२७५ | संघीय |
| 2 | शर्सत अनुदान पुँजीगत | ८८००००० | ८५६८९२२ | २३१०७८ | २०८१-०३-३१/०७९९२५४१ | संघीय |
| ३ | शर्सत अनुदान चालु | १६०४८७५ | ११०५००० | ४९९८७५ | २०८१-०३-३१/०७७०९२७७ | प्रदेश |
| ४ | शसर्त अनुदान पुँजीगत | १०५००००० | ९७८४२०५ | ७१५७९५ | २०८१-०३-३१/०७९९३५३९ | प्रदेश |
| ५ | विषेश अनुदान पुँजिगत | ३९००००० | २७३१९१०.२३ | ११६८०८९.७७ | २०८१-०३-३१/०७९९३५३९ | प्रदेश |
| | जम्मा | २२०७९३८७५ | २०५५८५७५५ | १५२०८१२०.२ | | |

## ४ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसमान मर्मत तथा लिलाम गर्नु पर्नेमा सो गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सी खाता राखेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस बर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन ।
- निजामति सेवा ऐन २०४९ को दफा ७ को ख २ वमोजिम तलवि प्रतिवेदन पारीत गराइ तलब भत्ता भुक्तानी गर्नु पर्नेमा तलबि प्रतिवेदन पारीत नगराई तलव भत्ता भुक्तानी दिई खर्च लेखेको छ । जसले गर्दा ग्रेड समेत एकिन हुन सकेन ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

- सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.३२ लाख १४ हजार खर्च लेखेकोमा केही अनुगमन प्रतिवेदन संलग्न गरे तापनि भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.३९ लाख ५१ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन गरेको देखिने अभिलेख राखेको छैन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ५ सफ्टवेयर खरिद तथा उपयोग

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले सफ्टवेयर खरिद गरी देहायबमोजिम खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार सफ्टवेयर खरिद तथा उपयोगको अवस्था देहाय अनुसार रहेको देखिन्छ ।

| क्र.सं | सफ्टवेयरको नाम | खरिद गरेको बर्ष | सफ्टवेयर खरिद खर्च | यस वर्षको नविकरण शुल्क | यो बर्षको बार्षिक मर्मत सभार खर्च | हाल सम्मको मर्मत सभार खर्च | संचालन अवस्था | प्रयोग भएको शाखा |
|---|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत कर संकलन प्रणाली | २०७७।७८ | ३१५००० | आ. व . २०८०।८१ बाट म . ले . नि . काबाट लागू SUTRA को राजश्व मोड्युल संचालन पश्चात हाल संचालनमा नभएको | | | | |
| २ | मानव संशाधन व्यवस्थापन प्रणाली | २०७७।७८ | २०००१० | २८००० | ० | | चालु | पालिका |
| ३ | Planning Management System | २०७५ | २५०००० | ६०००० ( ४ वर्षको ) | ० | | चालु | योजना शाखा |

६ **सूचना प्रविधी पद्धति**

सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्व उठाउन प्रयोग गरेको रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरि सम्झैता गरेको देखियो। यसबाट पालीकाको आन्तरिक आय लेखाङ्कनका सम्वन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले सँकलन केन्द्र बाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ ।
- सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन ।
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम भई अभिलेख भएको आम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

७ **बेरुजु लगत**

पालिकाले बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको देहायका म. ले. प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको मलेप फारम प्रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ ।पालिकाले म. ले. प. फाराम ८०१ – बेरुजु लगत नराखेको तथा म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन । म. ले. प. फाराम अद्यावधिक नहुदा वेरुजुको वास्तविक अवस्था एकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ ।

८ **आन्तरिक लेखापरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा तथा आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख रहेकोमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ९ नीति, योजना तथा कार्यक्रम कार्यान्वियन

गुल्मी दरबार गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम २०८० असार १० गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा कार्यक्रममा प्रस्तुत भएका विषयवस्तुहरूमध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वियन गरेको पाइएन । सभामा प्रस्तुत नीति तथा कार्यक्रममा नै उल्लेखित व्यहोराहरूको कार्यान्वयनको लागि पालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएकाहरू शिक्षा, स्वास्थ्य, कृषि पशुपंक्षि तथा पुर्वाधार संग सम्वन्धित कार्यान्वियन नभएका उदाहरणहरु देहाय अनुसार छन:

- कार्यसम्पादन मूल्याङ्कनको आधारमा शिक्षकहरुलाई कार्यसम्पादन सुधारको लागि अन्तर विद्यालय स्थानान्तरण गर्ने।
- शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिने।
- हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान अभियान संचालन गरी शुन्य सहनशिलताको नीति ल्याउने।
- उपाध्यक्ष उद्धार तथा सहायक कक्षको स्थापना र संचालन गर्ने।
- गाउँपालिकामा १५ शैयाको अस्पताल संचालन ल्याउने।
- पर्यटन प्रबर्द्धन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय भगेनी सम्बन्ध विस्तार गर्ने।
- समग्र गाउँपालिकाको पर्यटन प्रवर्द्धनको लागि हाम्रो वडा राम्रो वडा अभियान संचालन गर्दै एक वडा एक पर्यटकीय स्थलको निर्माण कार्यमा प्राथमिकता दिने।
- स्थानीय स्तरमा उत्पादन हुने कच्चा पदार्थ प्रयोग गरी निर्माण हुने स्थानीय मदिरालाई ब्रान्डिङ्ग गरी बजारीकरण गर्ने।
- गाउँपालिकालाई मह उत्पादनमा आत्मनिर्भर बनाउन मह प्रशोधन र प्याकेजिङ्ग समेतको कार्य लागत साझेदारीमा अगाडि बढाउने।
- प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्युनीकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गर्ने।

## १० बजेट पेश, पारित र अख्तियारी

स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु.४७ करोड ९५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१३ पारित भएको छ ।

**खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ५५१२४३५.२४ राजस्व बाँडफाँड र अनुदानबाट रु. ३९९७७०१८९.७३ समेत रु. ४०५२८२६२४.९७ आम्दानी भएकोमा चालु तर्फ रु. ३०९४८७६९२.२३ र पूँजिगत तर्फ रु. ११८५२४०२३.०९ समेत रु. ४२८०११७१५.३२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.९०,२२,०००।-खर्च भएको छ जुन आन्तरिक आयको १.३६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२ प्रतिशत चालु र २८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ११ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र

वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार योजनामा वजेट विनियोजन गरेको छ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाख देखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-२० लाख सम्म | २० देखि 50 लाख सम्मका | ५० लाख भन्दा माथिका | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १५५ | ६९ | ६० | २६ | १२ | २ | ६ | ३ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २६९ योजनामात्र कार्यान्वियन भई ६१ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## १२ मध्यमकालीन खर्च संरचना

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वियनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान जानु पर्दछ ।

## १३ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १८३३०००० | १२२८०३४६ | ३.०१ |
| २ | पूर्वाधार विकास | १००२२६१८० | ८३०२७४८१ | २०.४१ |
| ३ | सामाजिक विकास | २५३०९५०६९ | २२०१५१२४५ | ५४.१३ |
| ४ | बातावरण तथा विकास | 0 | 0 | 0 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३४५४८९५०.७ | २१९८६६५४ | ५.४० |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९३२९१०२५ | ६९२३२१५२ | १७.०२ |
| | | ४९९४९१२२५ | ४०६६७७८७७ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५४.१३ प्रतिशत र आर्थिक विकासमा मा सबै भन्दा घटीमा ३.०१ प्रतिशत रहेको छ । सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

## १४ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | आषाढ महिना |
| पुँजगत खर्च | ११८५२४ | ० | ११९७४ | ३३५६९ | ७२९८० | ४४८७४ |
| खर्च प्रतिशत | | ० | १०.१ | २८.३२ | ६१.५८ | ३७.८६ |

पालिकाको सुत्रबाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.११ करोड ८५ लाख २४ हजार भएकोमा प्रथम त्रैमासिकमा मा खर्च नै भएको देखिएन भने दोश्रो त्रैमासिकमा रु.१ करोड १९ लाख ७४ हजार अर्थात १०.१० प्रतिशत, तेस्रो त्रैमासिकमा रु. ३ करोड ३५ लाख ६९ हजार अर्थात २८.३२ प्रतिशत, चौथो त्रैमासिकमा रु.७ करोड २९ लाख ८० हजार अर्थात ६१.५८ प्रतिशत र असार महिनामा मात्रै रु.४ करोड ४८ लाख ७४ हजार अर्थात ३७.८६ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ । आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

## १५ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष कार्यपालिकाको निर्णयबाट ५२ योजनामा रु. १ करोड ७३ लाख ४८ हजार घटाएको र ८९ योजनामा रु. २ करोड ७ लाख ९८ हजार बढाई थपघट समेत रु. रु. ३४ लाख ५० हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ०.७२ प्रतिशत हुन्छ।

## १६ लक्ष्य प्रगति

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाइ जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | कार्यक्रम संख्या | ६१ | ३ | ३ | २६३ |
| पूजिगत | | | | | |

**बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले

समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## १७ कानुन निर्माण र कार्यान्वयन

यसमा निम्न व्यहोरा देखिएका छन् :

१७.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले २३ वटा ऐन, ४वटा नियमावली, ३५कार्यविधि, २ निर्देशिका र १ नर्म्स लगायत ६५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नु पर्दछ ।

१७.२ **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउने गरी कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१७.३ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष थप भएको १४ गरी कुल १८ विवाद दर्ता भएकोमा १५ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## १८ सम्पति व्यवस्थापन

यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

१८.१ **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

१८.२ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण अभिलेख राख्नु पर्दछ ।

१८.३ **जिन्सी सम्पतिको सुरक्षा :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत मलेप फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको, पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पतिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका मलेप फाराम ४०१ देखि ४१८ सम्म प्रयोग नगरेको पाईयो । यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सवै मलेप फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा हुने खर्चलाई PAMS प्रविष्टी गरी पेश गर्नुपर्दछ ।

१८.४ **जिन्सी अभिलेखिकरण:** स्थनीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालय समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने व्यवस्था छ । साथै हस्तान्तरण भई आएका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता अद्यावधिक गरी २०७५ असार मसान्त भित्र प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । अभिलेखको अभावमा हस्तान्तरण भई आएको सम्पत्ति तथा सामाग्रिको यथार्थ अवस्था यकिन हुने देखिएन । अभिलेख प्रणालिमा सुधार गरी सम्पत्ति लेखाङ्कन अद्यावधिक गर्नु पर्दछ ।

१८.५ **मालसामानको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

## १९ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षणको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## २० बार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११ करोड ८५ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२१ **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

**ठेक्का अभिलेखः**- सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२२ **सेवाप्रवाह विवरण**

यस वर्ष भएका घटना दर्ता सम्बन्धी विवरण पालिकाले उपलब्ध गराएको छैन । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | | ० |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | ६०० | ६०० |
| मृत्युदर्ता | २२५ | २२५ |
| बसाईसराई दर्ता | ८९ (आएको संख्या १८, गएको संख्या २९६) | ८९ (आएको संख्या १८, गएको संख्या २९६) |
| विवाह दर्ता | २८८ | २८८ |
| सम्बन्धविच्छेद दर्ता | ३५ | ३५ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

२३ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|
| ७ | ७ | ६ | १ |

२४ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | ३०००००. | २६५०९९.०२ | ८८.३७ |
| २ | ११३१४ - भुमिकर/मालपोत | २००००००. | ६८८६२३.५३ | ३४.४३ |
| ३ | ११३१७ - वहाल कर | १०००००. | ३६७४४०.२९ | ३६७.४४ |
| ४ | ११३१८ - वहाल विटौरी कर | ० | ४९,५७९.०० | |
| ५ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | ३७,२००.०० | |
| ६ | ११६९१ - अन्य कर | ५०००००. | ७७८९००.४ | १५५.७८ |
| ७ | १४२२१ - न्यायिक दस्तूर | ० | १,६००.०० | |
| ८ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | २५३५००. | |
| ९ | १४२४२ - नक्सापास दस्तुर | ० | २००. | |
| १० | १४२४३ - सिफारिश दस्तुर | १००००००. | ७१४२५०. | ७१.४३ |
| ११ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००००. | ६४७२००. | १२९.४४ |
| १२ | १४२४५ - नाता प्रमाणित दस्तुर | ३०००००. | ३८२२५०. | १२७.४२ |
| १३ | १४२४९ - अन्य दस्तुर | ० | ५३१६००. | |
| १४ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ७७३३००. | |
| १५ | १४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत | ० | १६,०००.०० | |
| १६ | १४५२९ - अन्य राजस्व | ० | ३,९९३.०० | |
| १७ | १४६११ - व्यवसाय कर | ८०००००. | ० | ०.० |
| १८ | १५१११ - बेरूजू | ० | १,७००.०० | |
| जम्मा | | ५५०००००. | ५५१२४३५.२४ | १००.२३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

**आयको अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ ।पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत शुल्क, सिफारिस दस्तुर, सेवा शुल्क लगायतको शिर्षक बाट अनुमानित रु ५५०००००/- रकम राजश्व प्रक्षेपण गरेकोमा पालिकाले यस आ.व. को अन्त्यमा रु. ५५१२४३५.२४ मात्र राजश्व संकलन गरेको देखिन्छ जुन प्रक्षेपण भन्दा ०.२३ प्रतिशले मात्र बढी आय प्राप्त भएको देखिन्छ । पालिकाले अन्य स्रोतहरुको समेत पहिचान गरी आन्तरीक आम्दानी वढाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

## २५ स्थानीय तहरूको विभाज्य कोष

प्रदेशहरूको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

**राजश्व दाखिलामा जरिवाना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन ।पालिकाले असुली रकमको दाखिला मिति एकिन गरी नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ ।

**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## २६ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## २७ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४२८०११७१५ | ५५१२४३५.२४ | १.२८ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २८ आय ठेक्का अनुगमन

नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १० मा संकलन भण्डारण र घाटगद्दीको व्यवस्था गरेको छ । दफा १०(८) मा स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नुपर्ने र वर्षको कम्तिमा तिन पटक

यसै कार्यविधिको दफा १७ बमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति समेतको रोहवरमा घाटगद्दीस्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। तर पालिकाले यो वर्ष आय ठेक्का व्यवस्थापन गरेको छैन।

२९ **धरौटी सदरस्याहा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६ को उपनियम २ मा धरौटी रकम फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही अवधि भित्र र अवधि नतोकिएकोमा जुन कामको लागि राखिएको हो सो काम समाप्त भएको एक वर्ष भित्र धरौटी रकम प्रमाण सहित फिर्ता गर्नुपर्ने व्यवस्था छ । नियम ६८ (ख) मा उल्लेखित अवधि भित्र धरौटी फिर्ता लिन नआएमा सदरस्याहा गरी राजश्वमा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । पालिकाले म्याद समाप्त भएका र टुङ्गो लागेका धरौटी रकम नियमानुसार एकिन गरी सदरस्याहा गर्नुपर्दछ।

३० **विपद व्यवस्थापन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

३१ **प्रकोप व्यवस्थापन कोष**

पालिकाको प्रकोप व्यवस्थापन कोष तर्फ गत वर्षको मौजदात रु. ६६१७३५।०० रहेकोमा यस वर्ष रु. १७४९४९६।०० थप गरी जम्मा रु. २४११२३१।०० उक्त कोषमा रहेकोमा यस वर्ष पालिकाले कर्मचारीहरु विपद व्यवस्थापनमा अतिरिक्त खटिए वापत रु.६५ हजार, राहत वितरण वापत रु. ३५५०००।००, भ्रमण तथा विविध खर्च वापत रु.३८२२६३, खानेपानी पाइप खरिद तथा वितरणमा रु.९६९७०९।०० र गाडी भाडा तथा इन्धन वापत रु. २८५६५०।०० गरी जम्मा रु. २०५७६२२।०० खर्च गरी रु.३५३६०९।- बाँकी रहेको विवरण पेश गरेको छ। पालिकाले खर्च गर्ने कार्यविधि भएको जनाए तापनि लेखापरीक्षणको क्रममा उक्त कार्यविधि पेश भएको छैन । कार्यविधि अनुसार व्यवस्थित रुपमा खर्च गर्नुपर्दछ ।

३२ **मर्मत सम्भार कोष सडक बोर्ड**

सडक बोर्ड लागत साझेदारी अन्तर्गत पालिकालाई रु. २३४५२५०।०० प्राप्त भएकोमा उक्त रकम खर्च नभई बाँकी रहेको छ । उक्त कार्यका लागि पालिकाबाट समेत रु. ६५००००।०० विनियोजन भएको तर सडक बोर्डबाट वर्षान्तमा मात्रै रकम प्राप्त भएकोले निर्माण कार्यका लागि सम्झौता भए पनि भुक्तानी गर्न नसकिएको पालिकाले जनाएको छ । सम्झौता अनुसार मर्मत सम्भारको कार्य तोकिए अनुसार सम्पन्न हुनुपर्दछ ।

३३ **धरौटीको विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ६४ मा धरौटीको व्यक्तिगत विवरण सहितको धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले कुल धरौटी मध्ये नामनामेसी नखुलाई गुल्मीदरबार गाउपाालिकाको नाममा रु. ५२४४२४३.२९ राखेको र सोको अतिरिक्त पालिकाकै नाममा रु.(१७,५१,४५६.४९) नेगेटिभ धरौटी रकम देखिएकोले यस सम्बन्धमा पालिकाले उक्त धरौटी एकिन गर्नुपर्दछ ।

३४ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष रु. ८३५०००।- आर्थिक सहायता वितरण गरेको छ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

३५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २० वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३६ **विज्ञापन वोर्ड कोष खाता कट्टी**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६कको उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेशित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन । पालिकाले आफ्नो स्वामित्वमा एफ एम संचालन गरे पनि यस वर्ष पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशनका लागि चालु तथा पूंजिगत तर्फ निर्माण तथा खरिद कार्यको कन्टिन्जेन्सीबाट समेत सूचना प्रकाशनमा खर्च गरेकोमा उपरोक्त नियम अनुसार ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा जम्मा गर्नु पर्दछ ।

३७ **संगठन र कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैटौँ सहित १९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३८ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु २० लाख जम्मा गरेको समेत उक्त कोषमा रु. ३० लाख मौजदात रहेको विवरण पेश गरेको छ । नियमको पालना गरी मात्र कोषबाट खर्च गर्नुपर्दछ ।

३९ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु.१२०८४०००। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा १० जना स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारी नियुक्ति गरी तलव, चाडपर्व र पोशाकमा रु.२९९००००।- भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २९,९०,००० |

४० **पारिश्रमिक कर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,३१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,४८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,९८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,६३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,८५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४१ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले नीति तथा कार्यक्रम निर्माण बजेट तथा कार्यक्रम कार्यालय समय अघि पछि कार्य सम्पादन गरेको भनि १ महिना देखि २.५ महिनाको रकम भुक्तानी दिएको छ ।कानुन तथा कार्यविधि नबनाई रु.१६२०४४६/-प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

४२ **कानुनी तथा प्रेस सल्लाहकार**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७७ लुम्बिनी प्रदेशमा स्थानीय तहका प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्षले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले प्रेस सल्लाहकार र कानुनी सल्लाहकारलाई परामर्श खर्च वापत ११००००।-भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

४३ **स्थानीय भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२०,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२०,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२०,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२०,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२५,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२०,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२०,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२०,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४४ **अनुगमन भत्ता**

लुम्बिनी प्रदेश,स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ ।सुविधा सम्वन्धी ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै

व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । पालिकाले भौचर नं. ७३२।०८१।३।१७ बाट विभिन्न मितिमा योजना तथा अनुगमन समितिको बैठक भत्ता खर्च लेखेको रकम रु. १९४०००।- ऐनको उक्त प्रावधान विपरित भएको खर्च अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,९४,००० |

४५ **अनुगमन भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **बैठक भत्ता**

कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा ७.१.१ मा बैठक भत्ताको मापदण्ड अन्तर्गत बैठकको विषयवस्तु र सोको गम्भिरताको एकिन हुनुपर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र बैठकमा आमन्त्रित सदस्यका रूपमा थप व्यक्तिहरू राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले बोलपत्र मूल्यांकन समितिको बैठक वापत रु.३३३०००।००, विभिन्न अनुगमन र मूल्यांकन बैठक वापत रु. २८५०००।०० र विभिन्न समितिको बैठक वापत रु. १५००००।०० पालिकाले एउटै निकायको पदाधिकारी तथा कर्मचारीलाई कार्यालय समय भन्दा अघी पछी वैठक वसेको निर्णय पेश गरी बैठक भत्ता भुक्तानी लिएको छ । यस्तो खर्च पालिकाले नियन्त्रण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

४७ **फिल्ड भत्ता**

स्थानीय तहले वर्षभरी हुने चालु तथा पूंजीगत खर्च सम्बन्धी योजना तथा कार्यक्रमहरू वार्षिक बजेटमा समावेश गराई बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले वार्षिक बजेट कार्यक्रम विपरित मिति २०८०।०३।९ को कार्यपालिकाको निर्णय बमोजिम १ जना इन्जिनियरको मासिक रु.१०५००।- र ५ जना सहायक प्राविधिकको रु.८५००।- का दरले ६ जना प्राविधिकहरूको १०

महिनाको फिल्ड भत्ता वापत रु.५३००००।- खर्च लेखेको छ । यसरी कार्यापालिकाको बैठकबाट निर्णय गरी खर्च गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ ।

४८ **फरक खर्च शिर्षक**

आर्थिक कार्यविधित तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ को उपनियम २ मा स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम र सम्वन्धित खर्च शिर्षकमा परेको खर्च गर्न बाँकी रहेकोमा मात्र खर्च गर्न सकिने उल्लेख गरेको छ । पालिकाको वडा न ७ को वडा संचालन तथा विविध कार्यक्रमको लागि विनियोजन गरेको बजेटबाट वडा समितिको निर्णबाट निम्न व्यक्तिको उपचारको लागि आर्थिक सहायता दिने निर्णय गरी रु ६००००।- साहायता दिएकोमा सहायता पाउने व्यक्तिले अस्पतालमा उपचार गराइरहेको चिकित्सको प्रेस्काइव तथा नागरिक्ताको प्रतिलिपि समेत संलग्न गरेको छैन ।वडा संचालन कार्यक्रममा विनियोजित बजेटबाट आर्थिक सहायतामा दिएको रकम नियमसम्मत नदेखिएको रु.

| नाम | विवरण | रकम |
|---|---|---|
| विमला सुनार | आर्थिक सहायता | २००००। |
| सविता थापा | आर्थिक सहायता | १५०००। |
| भिम वहादुर सुनार | आर्थिक सहायता | १००००। |
| पर्सुराम चुदाली | आर्थिक सहायता | ५०००। |
| विशाल खत्री | आर्थिक सहायता | १००००। |
| जम्मा | | ६००००। |

| | |
|---|---|
| अनियमित भएको | ६०,००० |

४९ **अविवाहित महिला तथा पुरुषलाई भत्ता**

पालिकाले सामाजिक सुरक्षा कार्यक्रम अनुसार ४० बर्ष नाघेका अविवाहीत महिला र ४५ वर्ष नाघेका पुरुषको लागि बजेट विनियोजन गरेको छ ।उक्त विनियोजित वार्षिक स्वीकृत कार्यक्रमबाट अविवाहित महिला १८ जना पुरुष १६ जना समेत ३४ जनालाई मासिक रु १०००।- दरले भत्ता वितरण गरी रु.४०४०००।- सामाजिक सुरक्षा भत्तामा खर्च लेखेको छ ।सामाजिक सुरक्षा भत्ता संघीयकार्यालयबाट छुट्टै कार्यविधि बनायर वितरण गरीरहेकोमा पालिकाबाट अविवाहित महिला तथा पुरुषको लागि सामाजिक सुरक्षामा बजेट विनियोजन गरी सामाजिक सुरक्षा भत्तामा खर्च लेखेको नियन्त्रण गर्नुपर्दछ ।

५० **मेशिन खरिद**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२२६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५१ **हेफर प्रोजेक्ट नेपालमार्फत लागत साझेदारीमा कार्यक्रम संचालन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्वन्धी तालिम अभिमुखिकरण सबलीकरण मुल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउदा छिटो छरीतो प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकेबमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सकिने उल्लेख गरेको छ ।“ गुल्मिदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजना ” संचालनको लागि गुल्मिदरवार गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल विच रु ४ करोड लागतमा मिति २०८०।७।१४ सम्म कार्यक्रम संचालन गर्ने गरी मिति २०७८।८।२१ मा सम्झौता भएको छ । कुल लागत मध्ये २५ प्रतिशतले हुने

रकम रु १ करोड हेफर प्रोजेक्ट नेपाल र बाँकी ७५ प्रतिशतले हुने रु. ३ करोड गाउँपालिकाले व्यहोर्ने सम्झौतामा उल्लेख गरेको छ भने यस परियोजना व्यवस्थापनको नेतृत्व हेफर प्रोजेकट नेपालले गर्ने र परियोजनाको कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपाल र स्थानीय गैर सरकारी संस्था नवप्रभात युवा संघको हुने सम्झौतामा उल्लेख गरेको छ ।परियोजनाको मुख्य उद्देश्य सुधारीएको बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुशरणबाट बाख्राको उत्पादन उत्पादकत्व र उद्यमशिलता अभिबृद्धि गरी बजार व्यवस्थापनमा सुधार गर्नु रहेको छ । परियोजनाको अवधीभर गाउँपालिका अनुदान रु २८५३५५१५।र हेफर प्रोजेक्ट नेपालको तर्फबाट रु ९६७२५९८।समेत रु ३८२०८११३।खर्च गरेको छ । यस वर्ष गाउँपालिकाको अनुदान रु ५१४५८५०।र हेफर प्रोजेक्ट नेपालको तर्फबाट रु १७३३४०८।खर्च गरेको छ।गाउँ कार्यपालिकाले परियोजनाको म्याद मिति २०८०।११।१६ गते सम्म थप गरेको छ । सम्झौताको दफा ७.२.८ अनुसार पालिकाले तोकेको कार्यतालिका अनुसार हेफर प्रोजेक्ट नेपाललाइ पेश्की रकम आर्थिक वर्ष २०८०।८१ मा रु १००००००।पेश्की उपलब्ध गरायकोमा पेश्की रकमको बैक जमानत लिने सम्झौतामा उल्लेख गरेको छैन ।गैर सरकारी संस्थालाई वैक जमानत नलिई पेश्की दिने गरी सम्झौता गर्नु नियमसम्मत देखिदैन । हेफर प्रोजेक्ट नेपाल मार्फत कार्य सम्पादन गर्नुपर्नेमा परियोजनाको कार्यान्वियको जिम्मेवारी हेफर प्रोजेक्ट नेपाल र प्राविधिक प्रस्तावनामा प्रस्तावित स्थानीय गैर सरकारी संस्था नवप्रभात युवा संघको हुने उल्लेख गरेको छ । स्थानीय गैर सरकारी संस्थाबाट कार्य सम्पादन गरेकोमा उक्त गैर सरकारी संस्था आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मुल्य अभिवृद्धिकर दर्ता प्राप्त गरेको छैन ।

५१.१ हेफर प्रोजेक्ट नेपालमार्फत लागत साझेदारीमा कार्यक्रम संचालन : सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना सम्वन्धी तालिम अभिमुखिकरण सबलीकरण मुल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउदा छिटो छरीतो प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकेबमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सकिने उल्लेख गरेको छ ।" गुल्मिदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजना " संचालनको लागि गुल्मिदरवार गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल विच रु ४ करोड लागतमा मिति २०८०।७।१४ सम्म कार्यक्रम संचालन गर्ने गरी मिति २०७८।८।२१ मा सम्झौता भएको छ । कुल लागत मध्ये २५ प्रतिशतले हुने रकम रु १ करोड हेफर प्रोजेक्ट नेपाल र बाँकी ७५ प्रतिशत ले हुने रु ३ करोड गाउँपालिकाले व्यहोर्ने सम्झौतामा उल्लेख गरेको छ भने यस परीयोजना व्यवस्थापनको नेतृत्व हेफर प्रोजेकट नेपालले गर्ने र परियोजनाको कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपाल र स्थानीय गैर सरकारी संस्था नवप्रभात युवा संघको हुने सम्झौतामा उल्लेख गरेको छ ।परीयोजनाको मुख्य उद्देश्य सुधारीएको बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुशरणबाट बाख्राको उत्पादन उत्पादकत्व र उद्यमशिलता अभिबृद्धि गरी बजार व्यवस्थापनमा सुधार गर्नु रहेको छ । परीयोजनाको अवधीभर गाउँपालिका अनुदान रु. २८५३५५१५।- र हेफर प्रोजेक्ट नेपालको तर्फबाट रु. ९६७२५९८।- समेत रु.३८२०८११३।- खर्च गरेको छ । यस वर्ष गाउँपालिकाको अनुदान रु. ५१४५८५०।- र हेफर प्रोजेक्ट नेपालको तर्फबाट रु.१७३३४०८।- खर्च गरेको छ।गाउँ कार्यपालिकाले परीयोजनाको म्याद मिति २०८०।११।१६ गते सम्म थप गरेको छ ।

कानुनी व्यवस्था : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९(८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७० बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७० मा २० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन २०६३ को दफा ३० बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३ देखि ६ आसयपत्र दाताको सुचि तयार गर्नुपर्ने व्यवस्था छ ।सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ मा सुचिमा समावेश भएका आसयपत्रदाता संग ३० दिनको सुचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनोट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैक जमानत दिई सम्झौता रकमको २० प्रतिशत सम्म पेश्की दिन सकिने व्यवस्था छ ।

सम्झौताको दफा ७.२.९अनुसार तोकेको कार्यतालिका अनुसार हेफर प्रोजेक्ट नेपाललाइ पेश्की रकम रु. १००००००।उपलब्ध गरायकोमा पेश्की रकमको बैक जमानत लिने सम्झौतामा उल्लेख गरेको छैन ।गैर सरकारी संस्थालाई वैक जमानत नलिई पेश्की दिने गरी सम्झौता गर्नु नियमसम्मत देखिदैन ।

हेफर प्रोजेक्ट नेपाल मार्फत कार्य सम्पादन गर्नुपर्नेमा परीयोजनाको कार्यान्वियको जिम्मेवारी हेफर प्रोजेक्ट नेपाल र प्राविधिक प्रस्तावनामा प्रस्तावित स्थानीय गैर सरकारी संस्था संघको हुने उल्लेख गरेको छ । स्थानीय गैर सरकारी संस्था नवप्रभात युवा संघको बाट कार्य सम्पादन गरेकोमा उक्त गैर सरकारी संस्था आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मुल्य अभिवृद्धिकर दर्ता प्राप्त गरेको छैन ।

**विल बिजक :** हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको रु ५१ लाख ४५ हजार कार्यक्रमको लागत साझेदारीमा खर्च गरेको छ ।हेफर प्रोजेक्ट संस्थाको कर्मचारी तलब, प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले २५ प्रतिशत योगदान गर्ने र ७५ प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले व्यहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैँक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ ।

सम्झौतामा उल्लेखित परीयोजनाका मुख्य गतिविधिहरु पशु खरिद तथा ढूवानी, विरुवा खरिद वितरण, कृषि उपकरण खरिद तथा वितरण लगायतका कार्य रहेकोमा उक्त कार्य गाउँपालिकामा कार्यरत कृषि तथा पशु प्राविधिककर्मचारीबाट कार्यान्वय गर्न सकिनेमा पालिकाबाट नगराई गैरसरकारी संस्था मार्फत गराउनु नियमसम्मत देखिएन ।हेफर प्रोजेक्ट नेपालले व्यहोर्ने २५ प्रतिशत रकमबाट तालिम, प्राविधिक सेवा, परीयोजनाका कर्मचारीको तलव तथा सुविधा, भ्रमण खर्च, कार्यालय खर्चमा गरेको छ । कृषि तथा पशु उद्यमशिलता विकासको लागि किसानलाई वितरण गरेको मौरीको घार,कृषि उपकरण, उत्पादन सामाग्रीको बजारीकरण, कृषि तथा पशुको औषधी वितरण, फलफुलका विरुवा वितरण, बिउ बोका वितरण, खोर निर्माण लगायत कार्यमा गाउँपालिका अनुदान रकमबाट मात्र खर्च हुने गरेको छ ।कृषि तथा पशु उद्यमशिलता विकासको लागि कृषकलाई वितरण हुने सम्पुर्ण खर्च गाउँपालिकाको अनुदानबाट हुने कृषक तथा लाभग्राहीले सवै अनुदान रकम हेफर प्रोजेक्ट नेपालबाट पाएको भनि प्रचार प्रसार हुनेसमेत गरेको छ ।तसर्थ गाउँपालिकाले अनुदान रकमको सम्झौता गर्दा कृषि तथा पशु उद्यमशिलता विकासको लागि हेफर प्रोजेक्ट नेपालले पचास प्रतिशत र गाउँपालिकाले ५० प्रतिशत लागत साझेदारी भएमा मात्र गाउँपालिकाले लागत साझेदारीमा संचालनको लागि हेफर प्रोजेक्ट नेपालसंग सम्झौता गरी कार्यान्वियन गर्न उपयुक्त देखिन्छ ।

सम्झौताको बुदा न ८.५ अनुसार दोस्रो पक्ष ( हेफर प्रोजेक्ट नेपाल) ले संचालित कार्यक्रमको मासिक/त्रैमासिक/ अर्धवाषिक प्रतिवेदन पालिकामा पेश गर्नु पर्नेमा सो बमोजिम प्रतिवेदन पेश गरेको छैन । पालिकावाट समेत प्रतिवेदन पेश गर्न लगाउन पहल गरेको छैन ।

लागत साझेदारीमा यस वर्ष हेफर प्रोजेक्ट नेपाल मार्फत कृषि तथा पशु उद्यमशिलता विकासको लागि कृषकलाई अनुदानमा वितरण गरेको विवरण निम्नानुसार रहेको छ । गाउँपालिका अनुदानबाट हेफर प्रोजेक्ट नेपालमार्फत यस वर्ष वितरण गरेको अनुदान रकमको विवरण देहाय अनुसार छ ।

| क्र. स . | अनुदान किसिम | वितरणगरेको विवरण | अनुदान रकम |
|---|---|---|---|
| १ | भैसी | ५ वटा | २००००० |
| २ | बाख्रा, तरकारी खेती , अन्य | ८९ वटा | ३५६०००० |
| ३ | गाई | १ वटा | ४०००० |
| ४ | खोर निर्माण | ३ वटा | ६०००० |
| ५ | वंगुर खोर निर्माण | विभिन्न संख्या | १०००००० |
| | जम्मा | | ४८६०००० |

५१.२ **कार्यक्रमको उपलब्धि** – उपलब्धि र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ । यसले गर्दा यो कार्यक्रम संचालन पुर्व लक्षित परिवारहरुको वार्षिक आम्दानी तथा जिविकोपार्जनको वास्तविक अवस्था यकिन गरेको छैन भने कार्यक्रम संचालन पश्चात लक्षित परिवारहरुको आम्दानी बृद्धि तथा जिविकोपार्जनमा कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्ने अवस्था रहेन । वस्तुगत आधार तथा मापण्ड तयार नगरी कार्यक्रम संचालन गरेकोले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आश्वत हुन सकिएन ।

५१.३

**वंगुर प्रवर्धन कार्यक्रम** - वंगुर प्रवर्धन कार्यक्रमको लागि संघीय शसर्त हस्तान्तरित चालु कार्यक्रममा रु.१००००००।- विनियोजन भएकोमा उक्त कार्यक्रम पालिकाको कृषि तथा पशु शाखाबाट संचालन गरी खर्च लेख्नु पर्नेमा गाउँपालिकाले साझेदारी संस्था हेफर प्रोजेक्ट नेपाल मार्फत गरेको छ । वंगुर प्रवर्धन कार्यक्रम पालिकाको कृषि तथा पशु शाखमा कार्यरत कर्मचारीबाट संचालन गरी खर्च लेख्नुपर्नेमा गैर सरकारी सस्थासंग सम्झौता गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

५२ **दैनिक भ्रमण भत्ता**

भ्रमण खर्च नियमावली २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसुचीमा उल्लेख भए बमोजिम दैनिक भत्ता पाउने उल्लेख छ ।पालिकामा कार्यरत कर्मचारी तथा पदाधिकारीको मुख्य कार्यक्षेत्र गाउँपालिका भित्रको स्थान रहेकोमा पालिकाबाट कर्मचारी र जनप्रतिनिधिहरु विभिन्न मितिमा पालिका भन्दा बाहिर काठमाण्डौ बुटवल प्रदेश राजधानी लागायका विभिन्न स्थानमा सरकारी कामकाजको लागि भ्रमण गरेको भनि यस वर्ष दैनिक भ्रमण भत्तामा रु ३०५४०००। खर्च लेखेको छ । पालिकाले सोको अतिरिक्त कन्टिन्जेन्सी खर्चबाट समेत रु. १ लाख ६० हजार भ्रमण खर्च लेखेको छ । भ्रमणमा खटिने कर्मचारी तथा जनप्रतिनिधिहरुले सरकारी कामकाजको लागि भनि पटक पटक भ्रमण वा काजमा खटिएकोमा भ्रमण भत्ता लिने गरेको तर भ्रमणमा सम्पादन गरेको सरकारी काम विवरण सहित भ्रमण प्रतिवेदन पेश गरेको देखिएन । सरकारी कामको सिलसिलामा भ्रमण वा काजमा जाने पदाधिकारी तथा कर्मचारीले भ्रमण समाप्त भएपछि भ्रमण प्रतिवेदन पेश गरेर मात्र खर्च लेख्नु पर्दछ ।सरकारी कामकाज वेगर काजमा खटिएको भनि भ्रमण आदेश स्वीकृत गरी खर्च लेख्ने कार्यमा पालिकाबाट नियन्त्रण गर्नुपर्दछ ।

५३ **गाडी भाडा**

पालिकाबाट विभिन्न स्थानमा अनुगमन तथा अन्य कार्यमा गाडी प्रयोग गरेको भनि गाडी भाँडा खर्च लेखेको छ ।पालिकाबाट कुन कुन मितिमा कुन कार्यको लागि गाडी भाडामा लिने हो कार्यालयबाट आदेश वा निर्णय गरेर मात्र खर्च लेख्नु पर्दछ । अनुगमन प्रतिवेदन वेगर पटक पटक गाडी भाडा लिइ रु. ६१२३५०।- खर्च गरेको छ ।अत : गाडी भाडा लिनु पर्नाको कारण सहित अधिकार प्राप्त व्यक्तिको निर्णयबाट अति आवश्यक कार्यमा मात्र भाडामा लिई खर्च गर्नुपर्दछ ।नमुना छनोट गरी परीक्षणमा गरेकोमा देखियका केहि उदाहरण देहाय अनुसार छ :

| गो भौ न मिति | विवरण | गाडी भाडा रकम |
|---|---|---|
| ८५९।३।२३ | गाडी भाडा | ४२०००। |
| ८६१।३।२३ | गाडी भाडा | ११२३५०। |
| ८६९।३।२३ | गाडी भाडा | ४५८०००। |
| जम्मा | | ६१२३५०। |

५४ **इन्धन खर्च**

स्थानीय सरकार संचालन ऐन २०७४ मा पालिकाले बजेट विनियोजन गर्दा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजनामा बजेट विनियोजन गर्नुपर्ने उल्लेख गरेको छ । त्यसै गरी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ को दफा ४ मा स्थानीय तहका पदाधिकारीलाई सम्वन्धित स्थानीय तहले सवारी साधन उपलब्ध गराउने र अनुसुचीमा उल्लेख भए अनुसार सवारी साधन प्रयोग गर्ने पदाधिकारीलाई मासिक १२० लिटर इन्धन र त्रैमासिक रुपमा ५ लिटर मोविल उपलब्ध गराउने उल्लेख गरेको छ ।पालिकामा कार्यरत कर्मचारीले प्रयोग गर्ने सरकारी तथा प्राइभेट मोटरसाइकललाई मासिक १० लिटरको दरले र अन्य सवारीसाधनमा इन्धन प्रयोग गरी रु ३६८००००। खर्च लेखेको छ । पालिकाले सवारीसाधनमा भएको इन्धनको खर्चको अभीलेख र इन्धन खर्चको विलसगै इन्धन प्रयोग भएको कुपन नम्वर सवारी साधनको नम्वर र इन्धनको परीमाण समेत उल्लेख गरी खर्च

लेखनुपर्नेमा इन्धनको परीमाण र रकममात्र उल्लेख गरेकोले कुन कुन साधनमा कति मात्रामा इन्धन प्रयोग भएको भनि यकिन गर्न सकियन । अत : पालिकाले इन्धन प्रयोग हुने सवारी साधनवाइज अभिलेख राख्ने र कानुनमा उल्लेख भए अनुसार कर्मचारी तथा पदाधिकारीले प्रयोग गर्ने सवारी साधनमा मात्र इन्धन खर्चलेखी इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ । छलफलको क्रममा सवारी साधनको सुविधा पाउने पदाधिकारीले सेवा सुविधा पाउने ऐनको अनुसुचिमा उल्लेख भएको मासिक १२० लिटर इन्धनले आधा महिनाको लागि पनि सवारी साधनमा इन्धन नपुग्ने भनाई रहेको छ ।

५५ **मसलन्द तथा कार्यालय सामाग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले यो वर्ष कार्यलय सामाग्री तथा मसलन्दमा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ पटक पटक गरी कोटेसनबाट रु. ४७४६०००।- को सामान सोझै खरिद गरेको देखियो । यसरी प्रतिस्पर्धा सिमित नहुने गरी वोलपत्रको माध्यमबाट खरिद गर्नुपदर्छ ।

५६ **न्युनतम विद्युत महशुल**

न्युनतम विद्युत महशुलको मासिक शुल्क रु. ३०।- का दरले गाउँपालिकाले गाउँपालिका अन्तरगतका नागरिकले प्रयोग गर्ने सामुदायिक तथा सरकारी विद्युतको न्युतम महशुल शुल्कमा यो वर्ष रु.१५२६९४०।- खर्च लेखेको छ ।पालिकामा वसोवास गर्ने विपन्न तथा अति गरिव घरपरिवार पहिचान गरेर मात्र विद्युत महशुल भुक्तानी दिनुपर्नेमा गाउभरिका सवै नागरीकलाई मासिक रु.३०।- भुक्तानी गर्दा नागरीकले पनि कुनै राहात मिलेको अनुभव नहुने पालिकाको रु. १५२६९४०।- खर्च हुने हुदा यस्ता प्राचारमुखी तथा वितरणमुखी कार्यक्रममा बजेट विनियोजन नगरी दिर्घकालिन योजनमा बजेट विनियोजन गरी खर्च गर्नुपर्ने देखिन्छ ।

५७ **कर समायोजन**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले अलाना इन्टर नेशनल सर्विसेस प्रा लि लाई मू.अ.कर रु.२२५५५०।- सहित रु. १९६००००।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि नन् फाईलर रहेकोले मू.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२५,५५० |

५८ **वितरणमुखी तथा अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा १ मा पालिकाहरुले आफनो अधिकारक्षेत्र भित्रका स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाइ लागु गर्नु पर्ने उल्लेख छ ।त्यस्तै उत्पादनमुल तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाइ प्राथमिकता दिनुपर्ने पालिकाले वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ ।नमुना छनोटको आधारमा परिक्षण गरेकोमा वितरणमुखी कार्यमा वजेट विनियोजन गरी खर्च गरेकोले यस्तो क्षेत्रमा खर्च गर्नेमा कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ न | वितरण सामाग्री तथा अनुदान | रकम |
|---|---|---|
| ३८३।०८१।१।२<br>६७७।०८१।३।१३ | अमरथोक लीफट खानेपानी योजना स्कीम १ बैसगैर र रातामानी खानेपानी मासिक शुल्कमा ५० प्रतिशत अनुदान | ४२०२५०। |
| ४१५।०८१।१।१४ | जेष्ठ नागरिकलाई सिरक वितरण | १५८२००। |
| ५४५।३।४ | गर्भवती महिलालाई अण्डा वितरण | ७६७४७। |
| ६५५।३।१२ | कडकनाथका चल्ला वितरण | ९९८७५। |
| ६९१।०८१।३।१५ | टनेल खरिदमा ५० प्रतिशत अनुदान | ९४५००। |
| ६४२।३।१७ | जेष्ठ नागरिकलाई कांसको थाल वितरण | ५००००। |

५९ **बिविध तथा होटेल खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने जनताको जिवनस्तर, आम्दानी, रोजगार बढने जस्ता योजनालाइ प्राथमिकता दिइ बजेट विनियोजन गरी खर्च गर्नुपर्नेमा व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविध खर्चमा रु. ३२८९००० र कन्टिन्जेन्सी तर्फ रु. ६८२१३४ खर्च गरेको छ । पालिकामा कार्यरत कर्मचारी , स्थानीय तह प्रदेश तथा संघीय कार्यालयबाट आउने कर्मचारी तथा जनप्रतिनिधिहरुको लागि खर्च गरेको भनि प्रयोजन नखोली विभिन्न मितिको होटेल विल राखी खर्च लेखेकोले पालिकाले यस्तो अनुत्पादक खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने जनताको जिवनस्तर, आम्दानी, रोजगार बढने जस्ता योजनालाइ प्राथमिकता दिइ बजेट विनियोजन गरी खर्च गर्नुपर्नेमा व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविध खर्चमा रु. ३२८९००० र कन्टिन्जेन्सी बाट रु. ६८२१३४ समेत खर्च गरेको छ ।पालिकामा कार्यरत कर्मचारी , स्थानीय तह प्रदेश तथा संघीय कार्यालयबाट आउने कर्मचारी तथा जनप्रतिनिधिहरुको लागि खर्च गरेको भनि प्रयोजन नखोली विभिन्न मितिको होटेल विल राखी खर्च लेखेकोले पालिकाले यस्तो अनुत्पादक खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । नमुना छनौटका आधारमा हेर्दा पालिकाले निम्न मितिमा कुनै प्रयोजन नखुलाइ पाहुना तथा अतिथिहरुको लागि विविध तथा होटेलको विल राखी रु ७३०४७५। खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| भौ न मिति | विवरण | रकम |
|---|---|---|
| ८६५।०८१।३।२३ | होटेल खर्च | २६१९१० |
| ८६७।०८१।३।२३ | होटेल खर्च | २५३३१५। |
| ३३६।०८०।१२।१५ | विविध खर्च | १५९२००। |
| १२।०८०।६।२५ | होटेल खर्च | ५६०५०। |
| जम्मा | | ७३०४७५। |

| | |
|---|---|
| अनियमित भएको | ७,३०,४७५ |

६० **खर्च वृद्धि**

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले विविध कारणले वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

| | | | | (रु.हजारमा) |
|---|---|---|---|---|
| सि.नं. | खर्च शिर्षक | २०७९।८० को खर्च | २०८०।८१ को खर्च | वृद्धिको कारण |
| १ | सल्लाहकार खर्च | ९० | ११० | सामान्य |
| २ | महोत्व तथा अन्य खर्च | ७५८ | ८२७ | विविध |
| ३ | विविध | २७७१ | ३९७१ | विविध कारण |
| ४ | आर्थिक सहायता | ७०७९ | ८२५ | |

६१ **शिक्षा तर्फ**

यस तर्फ देखिएका व्यहोरा निम्न अनुसार छन्।

**(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर :** कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

**ख) बिद्यालयहरुको लेखापरीक्षण:** पालिकामातहतकाविद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ ।पालिका अन्तर्गत सामुदायिक विद्यालयहरुको आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै लेखापरीक्षण गराएको बिबरण प्राप्त भएको जनाए तापिन लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको छैन ।अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ। साथै दर्तावाल लेखापरीक्षकहरुले लेखापरीक्षण प्रतिवेदनमा Unique Document Identification Number (UDIN) प्रयोग गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन हुनुपर्दछ ।

**(घ) विद्यालयको भौतिक पूर्वाधार व्यवस्था :** पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

**ङ) कार्यक्रम कार्यान्वयन पुस्तिका** मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,

**च) संस्थागत विद्यालयहरू**को दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेकोले यस तर्फ सुधार हुनुपर्दछ ।

६२ **शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्या**

स्थानीय तह अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार पदपूर्ती भइ नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाइ नियमित पठानपाठनको व्यावस्था हुनुपर्दछ । यस पालिका अन्तरगत रहेका २८ वटा विद्यायलहरुको शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको विवरण निम्नानुसार छः

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री थाक्सीपोखरा मा.वि. | १३ | १३ | ७ | २५८ |
| २ | श्री पदम बहादुर मा.वि. | १० | १० | २ | १७७ |
| ३ | श्री बलिथुम नरहरि कण्डेल मा.वि. | ६ | ६ | ३ | १६३ |
| ४ | श्री रैनादी प्रा.वि. | ४ | ४ | ० | ५९ |
| ५ | श्री माझी प्रा.वि. | ३ | ३ | २ | ६३ |
| ६ | श्री जनज्योति प्रा.वि. | १ | १ | १ | १८ |
| ७ | श्री काब्रेपोखरी मा.वि. | १४ | १४ | ६ | १६८ |
| ८ | श्री सूर्योदय मा.वि. | १४ | १४ | ४ | २५१ |
| ९ | श्री महाकाली आ.वि. | ५ | ५ | १ | ११७ |
| १० | श्री नेपाल राष्ट्रिय प्रा.वि. | १ | १ | ० | २३ |
| ११ | श्री दिपज्योति प्रा.वि. | १ | १ | ० | १७ |
| १२ | श्री जनता प्रा.वि. | ३ | ३ | २ | २३ |
| १३ | श्री रुन्खा दह मा.वि. | २१ | २१ | ३ | ४४१ |
| १४ | श्री रत्न आ.वि. | ७ | ७ | १ | ७९ |
| १५ | श्री सरस्वती प्रा.वि. भट्टेचौर | ५ | ५ | ३ | ६० |
| १६ | श्री सरस्वती प्रा.वि. बाख्रे | २ | २ | ० | १५ |
| १७ | श्री जनता प्रा.वि. जिमी | २ | २ | १ | ३६ |
| १८ | श्री ज्योतिर्मय प्रा.वि. | १ | १ | १ | १३ |
| १९ | श्री म्यालपोखरी मा.वि. | १९ | १९ | १२ | २२५ |
| २० | श्री राजारुन्खा मा.वि. | ८ | ८ | २ | १५४ |
| २१ | श्री स्वामीपोखरी प्रा.वि. | १ | १ | १ | ६ |
| २२ | श्री माइकास्थान प्रा.वि. | २ | २ | ० | १९ |
| २३ | श्री शारदा मा.वि. | ११ | ११ | ३ | २३४ |
| २४ | श्री हटिया प्रा.वि. | २ | २ | ० | ४२ |
| २५ | श्री ज्ञानोदय प्रा.वि. | २ | 2 | ० | २६ |
| २६ | श्री ईश्वरी मा.वि. | १४ | १४ | ४ | ३३१ |
| २७ | श्री गंगा आ.वि. | १० | १० | ४ | १४६ |
| २८ | श्री ठूलोपोखरा मा.वि. | ११ | ११ | ४ | १५९ |
| | जम्मा | १९३ | १९३ | ६७ | ३३२३ |

पालिलकाबाट प्राप्त विद्यालयका शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा २८ विद्यालयमा १९३ शिक्षक रहदा जम्मा विद्यार्थि ३३२३ रहेका छन् । जुन शिक्षक विद्यार्थी अनुपात १:१७ रहेको छ ।२१ विद्यालायहरुमा ६७ शिक्षक करारमा नियुक्त छन् । साथै शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयमा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरिनुपर्छ ।

## ६३ सेनेटरी प्याड व्यवस्थापन

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले विद्यालयबाट हुने सेनेटरी प्याडको वितरण र प्रयोग अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरुको प्रतिवेदन गरी स्थानीय तहमा पठाउने व्यवस्था छ । पालिकाले यस वर्ष सिलबन्दी दरभाउपत्रको माध्यायमबाट समुद्र मेडिको फर्माबाट ९५०० प्याकेट प्रति प्याकेट भ्याट समेत रु. ९० मा रु.८५५०००।- बराबरको प्याड खरिद गरी १४ विद्यालयलाई वितरण गरेको भएतापनि पालिकाले अनुगमन गरेको छैन । विद्यालयले वितरण अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा नपठाउँदा प्याडको आवश्यकता अनुसार वितरण अवस्था यकिन हुन सकेन । पालिकाले आवश्यक अनुगमन गरी विद्यालयलाई प्रतिवेदन पेश गर्न लगाउनु पर्दछ ।

## ६४ शिक्षण सहयोग

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.४० र ४१ मा शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको दरले अनुदान निकासा दिने उल्लेख छ । पालिकाले विद्यालयहरुलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो नगरी कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरीत निकासा दिएको छ । अतः न्युन विद्यार्थि रहेको विद्यालयलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

| विद्यालयको नाम | विद्यार्थी संख्या | अनुदान शिक्षक संख्या |
|---|---|---|
| कक्षा ९ र १० | | |
| बलिथुम नरहरी कण्डेल मा. वि . | २७ | २ |
| पदम बहादुर मा. वि . | २३ | २ |
| राजारुन्खा मा. वि . | २३ | २ |
| शारदा मा. वि . | ३४ | २ |
| कक्षा ६ देखि ८ | | |
| बलिथुम नरहरी कण्डेल मा. वि . | ४९ | २ |
| महाकाली आधारभुत विद्यालय | ४५ | २ |
| रत्न आधारभुत विद्यालय | ३१ | २ |

## ६५ निःशुल्क पाठ्यपुस्तक

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को ३.१मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै उपलब्ध गराउने, विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाइ स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले पाठ्यपुस्त समयमा उपलब्ध अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाइ आवश्यक अनुगमनको व्यवस्था मिलाउने आदि व्यवस्था छ । यस पालिकाले यो वर्ष गो.भौ.नं. १६३/०८१।१।२ बाट रु. १५६०८७३।- र गो.भौ.नं. २३७/०८१।३।४ बाट रु. ६५४१५९।- गरी जम्मा रु. २१२५०३२।- पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको भएपनि विद्यालयले पाठ्यपुस्तक समयमा उपलब्ध गराए नगराएको पालिकाले अनुगमन गरेको पाइएन । अत: आवश्यक संयन्त्र बनाई पाठ्यपुस्तक वितरणको अनुगमन हुनुपर्दछ।

६६ **समानीकरण अनुदानबाट शिक्षकको तलव**

अन्तर सरकारी व्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलव भत्ता सशर्त अनुदानबाट उपलव्ध गराउने व्यवस्था छ ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमती प्राप्त संचालनमा रहेका र कुनै पनि दरवन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेको एव विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ ।तर पालिकाले स्वीकृत दरवन्दी भित्र नपरेका एंव विद्यालयले गत विगत देखि नै आन्तरिक श्रोतबाट राखेका शिक्षकको शिक्षक विद्यार्थी अनुपात वेगर तथा दरवन्दि मिलान वेगर पालिकाबाट रु. ४९९६५८०।- र वडास्तरको बजेटबाट रु.२७०००००।- समेत रु. ७६९६५८०।- शिक्षकको तलव भत्तामा भुक्तानी गरेको छ ।शसर्त अनुदानबाट तलव भत्ताको व्यवस्था भएकोमा वित्तीय समानीकरण अनुदानबाट खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७६,९६,५८० |

६७ **राष्ट्रिय शिक्षा नीतिको कार्यावन्वयन**

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।
- तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

६८ **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्नेछ । सो व्यवस्था बमोजिम यस पालिकाले कक्षा बालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थि

दिनको रु. १५ का दरले दिवा खाजा वापत औषत १६६ दिनको २१३० विद्यार्थीको लागि रु. ५३०२२६०।- रकम ३२ विद्यालयहरुलाई उपलब्ध गराएकोमा खाजा खर्चकोको लागि खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण र बील भरपाई सुरक्षित राखि भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन हुनुपर्दछ । पालिकाले यसको अभिलेख राख्नुपर्दछ ।

६९ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

६९.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६९.२ माथि उल्लेखित ४ विद्यालयलाई विज्ञान प्रयोगशाला र पुस्तकालय स्थापना गर्न अनुदान उपलब्ध गराएकोमा पालिकाबाट अनुदान उपयोगको बारेमा अनुगमन नहुँदा प्रयोगशाला र पुस्तकालय स्थापना भए वा नभएको र प्रभावकारी रुपमा सञ्चालनमा आए नआएको अवस्था यकिन गर्न सकिएन । यस सम्बन्धमा आवश्यक अनुगमन गरिनुपर्दछ ।

७० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वटै वडामा २५ वटा योजना संचालन गरी ७५ जनालाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई कुल रु. ५०,१०,०००।- श्रमिक ज्यालामा खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| वडा नं | कार्यक्रम/योजना (जम्मा योजना संख्या ) | बजेट रु | कुल खर्च रकम |
|---|---|---|---|
| | | | ज्याला खर्च |
| १ | बाटो तथा नाली/ खानेपानी (३) | ८,६८,४०० | ८,६८,४०० |
| २ | बाटो तथा नाली/ पाइप लाइन (३) | ७,३४,८०० | ७,३४,८०० |
| ३ | गोरेटो बाटो निर्माण/ पाइप लाइन/ बृक्षारोपण (५) | ८,०१,६०० | ८,०१,६०० |
| ४ | बाटो तथा नाली निर्माण/ पाइप लाइन/ बृक्षारोपण/ झाडी फडानी (४) | १०,०२,००० | १०,०२,००० |
| ५ | गोरेटो बाटो तथा चौपारी निर्माण (४) | ५,३४,४०० | ५,३४,४०० |
| ६ | गोरेटो बाटो तथा धार्मिक स्थल (३) | ५,३४,४०० | ५,३४,४०० |
| ७ | बाटो तथा नाली/ पाइप लाइन (३) | ५,३४,४०० | ५,३४,४०० |

**(क) दुर्घटना बिमा:** निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयन गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।

**(ख) प्रधानमन्त्री रोजगार कार्यक्रम** संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ ।

७१ **लघु उद्यम विकास कार्यक्रम**

गरीबी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक वर्षमा विभिन्न कार्यक्रमको लागि रु.१३ लाख रकम विनियोजन भएकोमा रु.१२ लाख ७५ हजार खर्च गरेको पाईयो । लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउने मर्मको साथ पालिकाले यस वर्ष विभिन्न वडामा ८ वटा सिपमूलक तालिम संचालन गरेको छ । सो सम्बन्धमा देखिएको विवरण निम्नानुसार छन।

७१.१ **आधिकारिक अनुगमन** : पालिकाले गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न तालिमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्बन्धमा समेत पुनः अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरी अनुदानको सहि सदुपयोग गर्नुपर्ने देखिन्छ । पालिकाले सो सम्बन्धमा आधिकारीक रुपमा अनुगमन गरेको अवस्था छैन, सो सम्बन्धमा ध्यानदिनु पर्दछ ।

| कार्यक्रम | सहभागी | वडा | खर्च रकम |
|---|---|---|---|
| सामाजिक परिचालन | ३७ जना | ३ र ४ | २७६०० |
| उद्यमहिलता विकास तालिम | २१ जना | ३ र ४ | ६४७५० |
| डलकुशन तालिम कार्यक्रम | ११ जना | ३ | १००४२५ |
| डलकुशन तालिम कार्यक्रम | १० जना | ३ | ९०४५० |
| डलकुशन तालिम कार्यक्रम | १० जना | ४ | ८०३५० |
| साबुन, सरप , हार्पिक र फिनेल बनाउने कार्यक्रम | २० जना | ४ | १३७४०३ |
| डलकुशन तालिम कार्यक्रम | १० जना | ६ | १३५७५८ |

७१.२ **तालिम :** लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा २१ मा तालिम मितव्ययी हुनुपर्ने उल्लेख छ । गरीबी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) तर्फ वडा नं. ३ मा सोही मितिमा २ पटक डलकुशन तालिम गरेको पाईयो ।यसरी वडामा एउटै ठाउँ एउटै मितिमा २ वटा प्याकेज बनाई तालिम संचालन गर्दा मितव्ययियताको ख्याल गरेको देखिएन जसले गर्दा आर्थिक व्ययभार परेको देखिएको रु,

| गो. भौ . र मिति | संयोजक | तालिम अवधि | सोधभर्ना |
|---|---|---|---|
| १५४- २०८०।१२।१४ | महेन्द्र परियार | २०८०।११।१३ - ११।२४ | १००४२५ |
| १५६- २०८०।१२।२२ | | २०८०।११।१३ - ११।२४ | ९०४५० |

| | |
|---|---|
| अनियमित भएको | १,९०,८७५ |

७१.३ **वस्तुहरुको विक्री** - गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ । पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनौट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनौट गरेको पाइएन । सोही निर्देशिकाको दफा ३९ मा विभिन्न लघु उद्यम विकास

तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधी भित्रै परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागीतालाई प्राथमिकता दिनुपर्नेमा सो अनुसार (कस्ट सेयरीङ्ग) भए गरेको पाइएन । पालिकाले यस कार्यक्रम अन्तर्गत विभिन्न तालिम सञ्चालनको क्रममा उत्पादन भएका सामग्रीहरु निर्देशिकामा व्यवस्था भए बमोजिम व्यवस्थीत अभिलेख गरी सो वस्तुहरुको लिलाम बिक्री गरी सो बाट प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

७२ **प्रविधि हस्तान्तरण**

घरेलु तथा साना उद्यम विकास कार्यक्रम (MEDPA) सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं.४१ मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कूल रकममा २० प्रतिशत उद्यमीले जम्मा गर्नुपर्ने, नं. ५८ मा मन्त्रालय तथा स्थानीय तहले उपयुक्त सूचक निर्धारण गरी कार्यक्रमको प्रभावकारी अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु. १११५०१।- बराबरको ४ वटा सिलाइ मेशिन र ३ वटा इन्टसलक मेशिन खरिद गरी वितरण गरेकोमा पालिकाले कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरेको छैन ।अतः प्रविधिक हस्तातरण पश्चात उद्य्मीले व्यवसाय संचालन गरे नगरेको नियमित अनुगमन हुनुपर्दछ ।

७३ **सुरक्षित नागरिक आवास**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ अनुसार छनौटको आधार तथा पहिचान यकिन गरी लाभग्राही छनौट गर्नुपर्ने र छनौट भएका लाभग्राहीलाई अनुदान दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाको लागि यस सुरक्षित नागरिक आवास कार्यक्रम :-प्रदेश नं. 5 को गुल्मी जिल्ला क्षेत्र नं. १ अन्तर्गत गुल्मी दरबार गाउँपालिका- 444 वटा (क्रमागत) अन्तर्गत रु ३३ लाख बजेट व्यवस्थापन भएकोमा यस वर्ष २०७७।७८ मा छनौट भएका मध्ये ८ जनालाई दोश्रो किस्ता वापत रु. २० हजारका दरले रु. १६००००।००, २०७९।८० मा छनौट भएका मध्ये ७३ जनालाई रु. ३० हजारका दरले रु. २१९००००।०० र २०८०।८१ मा छनौट भएका १९ जनालाई रु. ४५ हजारका दरले रु. ८५५०००।०० भुक्तानी र रु. ९५०००।०० प्रशासनिक खर्च समेत रु. ३३ लाख खर्च भएको देखिन्छ । प्राप्त विवरण अनुसार २०८०।८१ छनौंट भएका ४८ लाभग्राही मध्ये विभिन्न १९ जना व्यक्तिहरुसँगलाई प्रथम किस्ता वापत ४५०००/- का दरले रु- ८५५०००/- भुक्तानी गरेकोमा निर्माण कार्य सम्पन्न गरी प्राविधिकको कार्यमूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ ।

७४ **पाइप र जस्तापात खरिद र जडान**

साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। पालिकाले देहाय बमोजिमको भौचर बाट जस्तापाता र पाईप खरिद गरेकोमा उक्त जस्तापाता र पाईप खरिद गरेको प्रमाण पेश नगर्दा कामको प्रभावकारिता नहुने तथा खरिद गरिएको निर्माण सामाग्री प्रयोग भए नभएको यकीन गर्न नसकिने हुदाँ उक्त सामाग्रीहरु खरिद तथा प्रयोग भएको सम्बन्धमा जडान सहितको प्राविधिक प्रतिवेदन फोटो तथा अनुगमन सम्बन्धि कागजात समेत नराखेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| गो. भौ . र मिति | फर्मको नाम | विवरण | परिमाण | भुक्तानी रकम ( भ्याट सहित ) |
|---|---|---|---|---|
| ३५९- २०८१।३।२२ | रिडर्स हार्डवेयर | सुरक्षित आवास कार्यक्रम ( जस्तापाता ) | ३२. ५ वण्डल ( २६ गेज ) | ४९९४६० |
| | | जस्तापाता खरिद | ९. ३० वण्डल ( २६ गेज ) | १४९८९६ |
| ३५७- २०८१।३।२२ | रिडर्स हार्डवेयर | पाईप खरिद | HDDP PIPE 20mm PN16 | ४९९७१ |
| २७६- २०८१।३।६ | डि. पि . ट्रेड | जस्तापाता खरिद | १५. ६२ वण्डल ( २६ गेज ) | २४०००० |
| | | जस्तापाता खरिद | ३. २५ वण्डल ( २६ गेज ) | ४९९४६ |
| २९२- २०८१।३।१५ | डि. पि . ट्रेड | पाईप खरिद | HDDP PIPE 20mm PN16, 32mm PN10 | १०१३११ |
| २७७- २०८१।२।६ | डि. पि . ट्रेड | जस्तापाता खरिद | ३. ३३ वण्डल ( २६ गेज ) | ५०००० |
| जम्मा | | | | ११४०५८४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,४०,५८४ |

७५ **कृषि तथा पशु कार्यक्रमहरु**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि तथा पशु सेवा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।यसका केहि उदाहरण देहाय अनुसार छन् –

| | कार्यक्रमहरुको नाम | लाभान्वीत सङ्ख्या | विवरण | खर्च रु. |
|---|---|---|---|---|
| पालिका | एक वडा एक नर्सरी कार्यक्रम ५०% | लगनशिल महिला कृषक समूह | | ५०००० |
| पालिका | भूमी बैंक (बाँझो जग्गा सम्बन्धि) कार्यक्रम | थापा कृषि तथा पशुपन्छी बहुउद्देश्यीय फर्म | | ४०००० |
| पालिका | ताजा तरकारी रुपमपोखरा | ताजा तरकारी रुमपोखरा उपभोक्ता समिति | | २५००० |
| पालिका | फलफुल तथा अन्य बालीको विरुवा वितरण कार्यक्रम | ४१०० कागती तथा ४१०० सुन्तलाका विरुवाहरु निःशुल्क वितरण | | २०५००० |
| पालिका | साना कृषि औजार तथा मेशिनरी वितरण कार्यक्रम | फर्म | मिनिटिलर (२), कम्बाइन मिल (४), टनेल प्लास्टिक (२५), स्प्रेयर (१०), क्यारेट (१०), वेट मेसिन (२) र कर्न सेलर (१) कृषकहरुलाई ५०% अनुदानमा वितरित | ४४१७४६ |
| पालिका | मौरीपालन प्रवर्द्धन कार्यक्रम | फर्म | कृषकहरुलाई ५०% अनुदानमा ४० वटा घार र १००% अनुदानमा १५ वटा घुम्टो, १५ वटा स्मोकर, ३० वटा क्वीन गेट र ३० वटा पन्जा वितरण | ११७००० |
| पालिका | गुल्मीदरबार फलफुल तथा तरकारी खेति प्रवर्द्धन लागत साझेदारी कार्यक्रम | फर्म | कृषकहरुलाई २२ वटा मिनिटिलर र १२ वटा कम्बाइन मिल ५०% अनुदानमा वितरण | १०००००० |
| पालिका | टनेल खरिद ५०% अनुदान (वडा नं. १) | फर्म | | २९५००० |
| पालिका | आलु खेती कार्यक्रम ५०% अनुदान | फर्म | आलुको विउ वितरण | १००००० |

७५.१ **अनुदानको उपयोग:** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए/नआएको संम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । कार्यालयले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन । यसमा कार्यालयले सुधार गर्नुपर्दछ । सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ ।

७५.२ **मूल्य अभिवृद्धि कर दर्ता नभएको फर्म वाट खरिद गरेको:** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची–५ वमोजिमको ढाँचामा सिलसिलेम्वर नं. सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ।कार्यक्रमको खर्च रकम भुक्तानी गर्दा पेश भएको वील भपाई नमूना छनोटको आधारमा परीक्षण गर्दा २० हजार भन्दा कमका वील संकलन गरी पेश गर्ने गरेको पाइयो । मू.अ.कर छल्ने प्रयेजनको लागि विभिन्न टुक्रामा वील जारी गर्ने सप्लार्यलाई जिम्मेवार बनाउनु पर्दछ। २० हजार भन्दा बढीको मू.अ.कर लाग्ने खरिद गर्दा मू.अ.कर वीजक पेश गर्न लगाई कृषक समुहलाई समेत जिम्मेवार बनाउनु पर्दछ ।

७५.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ ।पालिकाले कृषकले खरिद गरेका कृषि औजारको गुणस्तर परिक्षण गर्ने तथा स्पेसिफिकेशन अनुसार भए नभएको एकिन गर्नुपर्दछ ।

७५.४ लागत साझेदारी बाख्रा स्रोत केन्द्र विकास कार्यक्रम कार्यसञ्चालन प्रकृया सम्बन्धी मार्गदर्शन २०७७ को नियम ५ (४) मा उन्नत बोका शुद्ध नश्लको हुनुपर्नेछ भने पहिलो पुस्तामा जन्मिने पाठापाठीमा सो बोकाको कम्तिमा ५० प्रतिशत रगत शुद्धता हुनेगरी हुनुपर्ने व्यवस्था रहेको छ । खरिद गरिएका बाख्रा कुन जात को हो परिक्षण भएको प्रमाण छैन, साथै निर्देशिकाले तोके बमोजिमको जातको बाख्रा खरिद भएको छैन । अतः बाख्रा खरिद गर्दा निर्देशिकाले उल्लेख गरेको जातको खरिद गर्नुपर्दछ ।

७५.५ यसबाट देखिएका अन्य व्यहोराहरु देहायअनुसार रहेका छन् :

• कार्यक्रमको लागत सहभागिता बाँडफाँड गर्दा पालिकाले व्यहोर्नुपर्ने रकमको बाँडफाँड भई परियोजना प्रस्तावमा मूल्यको तोककिएको प्रतिशतका दरले व्यहोर्ने गरी बाँडफाँड भएको पाइयो । कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला नगरी विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदनमा योगदान देखाइएको छ।

• आवश्यकता पहिचान तथा लक्षित लाभग्राही कृषकहरुको छनौट भए नभएको सम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन ।

• प्रधानमन्त्री आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलमा पकेट कार्यक्रमहरु संचालन गर्दा पकेटको प्रोफाइल तयार गर्नुपर्ने, म्यानुअलले तोके वमोजिमको आधारमा कार्यक्रममा छनौट हुने व्यक्ती, फर्म, संस्थाहरु सम्वन्धित काम गर्ने उद्देश्यले दर्ता भएकालाई मात्र परियोजना प्रस्ताववाट छनौट गर्नुपर्ने समेतको व्यवस्था रहेकोमा सोको पालना भएको देखिएन ।

• कृषि सामाग्रीहरु, पशु खरिद गर्दा प्रतिस्पर्धा वेगर खरिद गरेको देखियो ।

• नया पकेट कार्यक्रममा मापदण्ड अनुसार क्षेत्रफल खुल्ने लालपूर्जा पेश नभएको, समन्वय समित गठन नगरेको, सार्वजनिक सुनुवाई नगरेको र प्रगति प्रतिवेदन तयार नगरेको देखियो ।

• निरन्तरता कार्यक्रममा सार्वजनिक सुनुवाई नगरेको, गतवर्षको उपलव्धीको प्रतिफल पेश नभएको, अधिकांशको पशुविमा नगराएको देखियो।

• अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।

• अनुदान कार्यक्रम तोकिएको मापदण्ड अनुसार सञ्चालनमा रहेको देखिदैन ।

अत: पालिकाले उल्लेखित व्यहोराहरुमा सुधार गर्नुपर्दछ।

## ७६ बाख्रा पकेट विकास निरन्तर कार्यक्रम

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वियन मेनुअल, २०७७ को बुँदा नं. ४.१.१३ अनुसार कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी प्रगति प्रतिवेदन र तोकिएको ढाँचामा पकेटको प्रोफाइल तयार तथा अद्यावधिक गर्नु पर्ने ब्यबस्था छ। पालिकाले बाख्रा पकेट विकास निरन्तरता कार्यक्रमको गत वर्षको समेत प्रोफाइल तयार नगरेको र अनुगमन तथा मूल्याङ्कन गरी प्रगति प्रतिवेदन समेत तयार नगरी बाख्रा पकेट विकास निरन्तर कार्यक्रम लागि गो.भौ.नं. ३७६।०८१।३।२३ बाट अनुदान रु. ६७९०००।- बलिथुम कृषि तथा पशुपक्षी कृषक समूहलाई ३० वटा खोर निर्माण गर्न भूक्तानी गरेको छ। उक्त मेनुअलको व्यवस्था विपरित ५० प्रतिशत अनुदान खर्च गरेकोले गत वर्षको समेत प्रोफाइल तयार गरी पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७९,००० |

## ७७ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ २० कर्मचारीको रु.१ करोड ४६लाख ६१ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउनेभन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

## ७८ व्यक्तिको नाममा भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ अनुसार सरकारी रकम अधिकार प्राप्त अधिकारीले बाहेक अरुले खर्च गर्न नहुने व्यवस्था गरेको छ।साथै हाल ई.एफ.टी. (ईलेक्ट्रोनिक फण्ड ट्रन्सफर) लागु भए पश्चात पालिकाले विभिन्न स्वास्थ्य सम्बन्धी कार्यक्रमकोलागि पालिकाले सम्बन्धित पार्टिको नाममा भुक्तानी दिनुपर्नेमा सो नगरी स्वास्थ्य शाखा प्रमुखको नाममा भुक्तानी गरेको हुँदा उक्त रकमको सहि सदुपयोग भए नभएको एकिन हुन सकेन। यसमा सुधार हुनु पर्दछ । यस सम्बन्धी केही उदाहरणहरुः

| गो. भौ . र मिति | कार्यक्रमको विवरण | रकम |
|---|---|---|
| ३२९- २०८१।३।१४ | डाटा भेरिफिकेशन | १००००० |
| २४२- २०८१।३।७ | सि. बि . एम . एन . सि . आई | ३३९००० |
| ३४६- २०८१।३।१७ | क्षयरोग कार्यक्रम | ९८८५५ |
| ३६३- २०८१।३।२० | आमा सुरक्षा कार्यक्रम | १३०००० |
| ५२- २०८०।७।१ | डाटा भेरिफिकेशन | १००००० |
| २११- २०८१।२।१६ | क्षयरोग सम्बन्धी अभिमुखिकरण | १०३००० |
| २०९- २०८१।२।१६ | न्युनतम सेवा मापदण्ड( स्वास्थ्य चौकी ) | ११३००० |
| जम्मा | | ९८३८५५ |

## ७९ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २५ लाख सम्मको औषधिजन्य माल सामान माल सामानको उत्पादकले राष्ट्रिय स्तरको समचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष पालिका बजेटबाट सिलबन्दी र सोझै खरिद मार्फत २ आपूर्तिकर्तासंग रु. ११ लाख ६६ हजार र सशर्त चालुबाट २ आपूर्तिकर्तासंग रु. ११ लाख ९२ हजारको विभिन्न ९० प्रकारका औषधिहरु चाँदनी मेडिसिन प्रा.लि. बाट सोझै खरिद गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

१. खरिद भएका औषधिहरुको मूल्य उप्पादकले राष्ट्रियस्तरको समचारपत्रमा मूल्यसूची प्रकाशन गरेको उत्पादकबाट उप्पादित औषधि पालिकाले खरिद गरेको छैन ।

२. स्टोर दाखिला हुनुअघि औषधिको उत्पादन मिति, ब्याच नम्बर र म्याद समाप्त हुने मिति उल्लेख गरी समन्धित विषयविज्ञबाट प्रमाणित गराइ निरीक्षण प्रतिवेदन (Inspection Report) तयार गरी मुचुल्का उठाई राख्ने नगरेको तथा औषधि विक्रिका लागि होइन भन्ने प्रमाण समावेश गरेको छैन ।

३. औषधिको जिन्सी दाखिला गर्दा खरिद गरेको र हस्तान्तरण भइ आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाधेको छैन ।
यससम्बन्धमा पालिकाको ध्यान जानुपर्दछ ।

## ८० न्यानो झोला

पालिकाले यस वर्ष शरण मेडिसिन डिस्ट्रीब्युटर्सबाट ११० थान प्रति सेटको भ्याट समेत रु. ८९८.३५ मा गो.भौ.नं. ३६३-२०८१।३।२० बाट रु. ९८८१८।- को खरिद गरेको छ । यससम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

(क) स्वास्थ्य कार्यक्रम संचालन मार्गदर्शन अनुसार अस्पतालहरुले सार्वजनिक खरिद ऐन अनुसार तोकिएको Specification अनुसारको न्यानो झोला खरिद गर्नु पर्नेछ । न्यानो झोला आपुर्ति भै सकेपछि अस्पतालले specification अनुसार गुणस्तार भए नभएको एकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनुपर्नेछ भन्ने व्यवस्था रहेकोमा पालिकाबाट गुणस्तर चेक जाँच भएको पाईएन । तर्सर्थ पालिकाले चेक जाँच गरी Specification अनुसारको गुणस्तर भए नभएको एकिन गर्नुपर्दछ ।

(ख) कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ । पालिकाले खरिद गरेको न्यानो झोला सम्बन्धितलाई वितरण गरी सोको अभिलेख पेश हुनुपर्दछ ।

## ८१ स्वास्थ्य कार्यक्रमहरु

पालिकाले स्वास्थ्य अन्तर्गत विभिन्न तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरेकोमा देखिएका व्यहोराहरु निम्न छन् ।

- पालिकाबाट स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रमहरु गरे पछि सम्बन्धित सहभागी, स्वास्थ्य कर्मचारी , प्रशिक्षक र आपूर्तिकर्ताको खातामा भुक्तानी गर्नु पर्नेमा संयोजकलाई समेत सोधभर्ना भुक्तानी हुने गरेकोले वास्तविक खर्च यकिन हुन सक्ने अवस्था नरहेको ।
- कार्यक्रमहरुमा अधिकांश खर्च भ्रमण तथा अनुगमन भत्तामा हुने गरेकोमा सोको लागि नियन्त्रण प्रणाली अपनाएको देखिदैंन ।
- कार्यक्रम खर्चमा अधिकांश प्यान विल र भरपाई संलग्न गरेको पाईयो।
- अधिकांश कार्यक्रमहरुको खर्च तेरिज सहितको प्रगति प्रतिवेदन तयार नगरेको ।
- स्वास्थ्य कार्यालय लगायतका प्रदेश तथा संघीय कार्यालयका सहजकर्ताहरुलाई दैनिक भ्रमण भत्ता उपलब्ध गराएकोमा पालिकाले सम्बन्धित कार्यालयलाई भ्रमण भत्ता उपलब्ध गराएको जानकारी नगराएको दोहोरो भत्ता एकिन हुन नसकेको ।

पालिकाले उल्लेखित सम्बन्धमा ध्यान दिदै आन्तरिक नियन्त्रण प्रणाली अपनाउनुपर्दछ।

८२ **निशुल्क एम्बुलेन्स सेवा**

गाउँपालिकाका नागरिकलाई सुरक्षीत प्रसुती सेवा उपलब्ध गराई मातृशिसु मृत्युदरलाई न्युनिकरण गर्दै स्वस्थ समाज निर्माण गर्ने उद्देश्यले पालिकाले प्रसुतीको लागि निशुल्क एम्वुलेन्स तथा यातायात सेवा सुविधा सम्वन्धी कार्यविधि २०७९ स्वीकृत गरेको छ । कार्यविधिको दफा ४ मा गुल्मीदरबार गाउँपालिकाको कार्यालय अन्तरगत संचालनमा रहेको एम्वुलेन्स मार्फत गाउँपालिकाका नागरिकलाई प्रसुती हुन जाने स्थानसम्मको लागि एकतर्फि रुपमा निशुल्क सेवा उपलब्ध हुने उल्लेख गरेको छ ।कार्यविधिमा उल्लेख भए अनुसार गर्भवती महिलालाई पालिकामा संचालित स्वास्थ्य चौकी जिल्ला अस्पताल तथा जिल्ला बाहिर बुटवल सम्म गर्भवती महिलाई निशुल्क सेवा उपलब्ध दिएबाफत एम्वुलेन्सको इन्धन, मर्मत तथा चालकको भत्ता समेत रु ७८५०००।खर्च लेखेको छ ।पालिकाले गर्भवती भए देखि प्रसुती हुने समय सम्म गाउँपालिकाको स्वास्थ्य संस्थामा नियमित स्वास्थ्य परीक्षणको लागि गर्भवती महिलालाई सेवा प्रदान गरी सुरक्षीत प्रसुती सेवा उपलब्ध गराउने उद्देश्य रहेको देखिन्छ ।गर्भवती महिलाको पालिकामा संचालित स्वास्थ्य संस्था तथा जिल्ला अस्पतालमा सुत्केरी सेवा लिन सक्नेमा पनि स्वास्थ्य संस्थाले जिल्ला भन्दा वाहिर रहेको अस्पतालमा रिफर गरेको प्रमाण पेश गरी गर्भवती महिलालाई निशुल्क एम्वुलेन्स सेवा उपलब्ध वापत खर्च लेखेको देखिन्छ ।

८३ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रु. १३ करोड ९ लाख २६ हजार ४९० खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

८३.१ **भत्ता निकासा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको व्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरुको खातामा भत्ता दाखिला गर्न पहिलो त्रैमासिकको भत्ता २०८०।०६।१९ गते, दोस्रो त्रैमासिकको भत्ता २०८०।११।३ गते, तेस्रो त्रैमासिकको भत्ता २०८१।१।३ गते र अन्तिम चौथो त्रैमासिकको भत्ता २०८१।०३।१४ गते गरी जम्मा रु, १३ करोड १० लाख ४१ हजार ४२५ बैंकमा निकासा गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र रकम बैंकमा पठाएको देखिएन । नियमावलीले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

८३.२ **हिसाब मिलान** - सामाजिक सुरक्षा वापतको रकम लाभग्राहीको खातामार्फत भुक्तानीको लागि कार्यालय र बैंक बिच भएको सम्झौता बमोजिम बैंकबाट लाभग्राहीको खातामा जम्मा भई बाँकी रकम १५ दिन भित्र फिर्ता गरिसक्नुपर्ने व्यवस्था रहेको छ । बैंकले विभिन्न त्रैमासिकको रकम भुक्तानी समयमै फिर्ता गरी कार्यालयले आम्दानी जनाएको पाइएन । आर्थिक वर्षको अन्त्यमा मात्र हिसाब मिलान गरी बाँकी रकम फिर्ता गरेको पाइयो । सम्झौता कार्यान्वियनमा जिम्मेवार हुनु पर्दछ ।

८३.३ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइएन ।

८३.४

**लगत कट्टाः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ३ दफा ११ मा लाभग्राहीको मृत्यु भई घटना दर्ता गर्दा लाभग्राहीको विवरण समेत लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । मृत्यु भएका लाभग्राहीको खातामा सो अवधि पछिको रकम निकासा दिन मिल्दैन । यस पालिकाको मृत्यु दर्ता अभिलेख, लगत कट्टा र निकासाको विवरण भिडान गर्दा देहायका लाभग्राहीको मृत्यु भई घटना दर्ता विवरण र लगत कट्टाको बिवरण फरक पर्न गएको र सो समय पछिको अवधिमा समेत बैंक मार्फत निकासा गएको हुदाँ एकिन गरी असुल गर्नुपर्ने रु.

| क्र. स . | समुह | लाभग्राहीहरुको नाम | वडा नं. | मृत्यु भएको मिति | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १. | जेष्ठ नागरिक | बिना थापा | १ | २०८०।६।२० | १२००० | १३३३ |
| २. | जेष्ठ नागरिक | तुलसी थापा | २ | २०८०।३।१६ | १२००० | १२००० |
| ३. | जेष्ठ नागरिक | ज्ञान बहादुर राकस | २ | २०८०।५।१६ | १२००० | ५८६६ |
| ४. | जेष्ठ नागरिक | धनीकला घिमिरे | ३ | २०८०।६।८ | १२००० | २९३३ |
| ५. | जेष्ठ नागरिक | ईन्द्र बहादुर सुवेदी | ३ | २०८०।५।१ | १२००० | ३८६६ |
| ६. | जेष्ठ नागरिक | कमला बस्नेत | ३ | २०८०।१२।१२ | १२००० | २४०० |
| ७. | जेष्ठ नागरिक | कुन्ती कामी | ३ | २०८०।१।१ | १२००० | १२८५ |
| ८. | जेष्ठ नागरिक | सुनिकला खासु | ३ | २०८०।६।२२ | १२००० | १०६६ |
| ९. | जेष्ठ नागरिक | यमकला पेमी | ३ | २०८०।८।३ | १२००० | ७४६७ |
| १०. | जेष्ठ नागरिक | बिनिकला कामी | ३ | २०८०।८।२६ | १२००० | ३०१४ |
| ११. | जेष्ठ नागरिक | कुमारी ढेंगा | ४ | २०८०।६।४ | १२००० | २३०५ |
| १२. | जेष्ठ नागरिक | कला डम्मरपाल | ४ | २०८०।२।२८ | १२००० | ६३८४ |
| १३. | जेष्ठ नागरिक | अम्विकादेवी ज्ञवाली | ६ | २०८०।११।९ | १२००० | ६८०० |
| १४. | जेष्ठ नागरिक | राम प्रसाद ज्ञवाली | ६ | २०८०।६।८ | १२००० | २९३३ |
| १५. | जेष्ठ नागरिक | दिली कुमाल | १ | २०८०।६।२५ | १२००० | ६६६ |
| १६. | जेष्ठ नागरिक | हरी प्रसाद गौतम | १ | २०८०।१२।२४ | १२००० | ८०० |
| १७. | जेष्ठ नागरिक | सेती पौडेल | २ | २०८०।९।२४ | १२००० | ८०० |
| | जम्मा | | | | | ६१९१८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,९१८ |

८३.५ **अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

## ८४ ढुंगा गिट्टी बालुवा उत्खन्न तथा विक्री

ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ अनुसार स्थानीय तहहरुलाई ढुंगा गिट्टी बालुवा जस्ता निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुतसाहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट उठ्ने राजश्व संकलन व्यवस्थित रुपमा गर्ने उल्लेख भएकोमा अनुसूचि १ मा चेकलिस्ट अनुसार नदिको वातावरणीय अवस्था अध्ययन तथा निरीक्षण गर्ने, २कमा वातावरणीय अध्ययनको आधारमा उत्ख्न्न परिमाण, सेवा शुल्क र मूअकर बाहेक न्यूनतम बोलपत्र रकम खुलाई बोलपत्र आवहान गर्ने, अनुसूचि २ख बमोजिम मूअकर बाहेकको रकम तथा मूअकर समेत खुलाई किस्ता रकम खुलाई ठेक्का सम्झौता गर्नुपर्ने, अनुसूचि ३ अनुसार पटके प्रवेश आदेश दिनुपर्ने, अनुसूचि ४क बमोजिम उत्खन्नकर्ताले दैनिक उत्खन्न अभिलेख राख्नुपर्ने, ४ख बमोजिम दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज राख्नु पर्ने र अनुसूचि ५ बमोजिम चेक्लिस्ट बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्ने उल्लेख छ ।त्यसै गरि लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ कार्यान्वय सम्बन्ध परिपत्रमा समेत वातावरणीय अध्ययन गर्ने, कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्दी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएकोमा पालिकाले सो अनुसार गरेको पाईएन ।

पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापनका लागि भदौ मसान्त सम्म प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन अद्यावधिक गरी सोही अनुसार ठेक्का व्यवस्थापन गर्नुपर्नेमा पालिकाले IEE को म्याद सकिएको भनि कुनै आय ठेक्का नलगाएको ले सो क्षेत्रबाट आएको राजश्व नउठेको देखिन्छ । समयमा वातावरणीय अध्ययन प्रतिवेदन अद्यावधिक नगरेकोले २०८०।८१ मा ढुंगा गिट्टी बालुवा उत्खन्न विक्रीबाट पालिकालाई कुनै पनि आय प्राप्त भएको देखिदैन । पालिकाले २०८० असारमा प्राप्त गरेको बडिगाड खोलाको बगरबाट उत्खन्न तथा विक्री गर्न सकिने ढुंगा गिट्टी बालुवा सम्बन्धी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन अनुसार रु. ८२४९५०।०० राजस्व संकलन गर्न सकिने देखिएकोमा समयमा उक्त कार्य नगरेकोले पालिकाको आन्तरिक आयमा अनुमान अनुसारको आय प्राप्त हुन सकेको छैन ।

पालिकाले ठेक्का व्यवस्थापन नभएकोमा अमानतबाट समेत विक्रि नगरेको तथा योजनामा प्रयोग भएका ढुंगा सम्बन्धमा रोयल्टी समेत कट्टी नगरेको देखिन्छ ।पालिकाले यस सम्बन्धमा नदि जन्य पदार्थ उत्खन्न तथा विक्री सम्बन्धि कानुनी प्रावधान तथा व्यवस्थाको पालना गरी नदी जन्य पदार्थ उत्खन्न, विक्री तथा संरक्षण सम्बन्धमा जिम्मेवार भई ध्यान दिनुपर्ने तथा आन्तरिक आय वृद्धि गर्नुपर्ने देखिन्छ ।

## ८५ आय ठेक्कामा मूल्य अभिवृद्धि कर

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी दर्तावालाबाट सङ्कलन गरी सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले कवाडी जन्य निकासीमा आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु.२१०६०/- र सम्झौता बमोजिम तिर्नुपर्ने अग्रिम आय कर रु. २४३० असुल नगरेकोले उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,४९० |

## ८६ एक घर एक धारा कार्यक्रम

प्रदेश समपुरक अनुदान अन्तर्गत एक घर एक धारा कार्यक्रमका लागि प्रदेश समपुरक अनुदान रु. २५ लाख र पालिका बजेट रु. २५ लाख गरी रु. ५० लाखको स्वीकृत बजेट रहेको र सोमध्ये रु. ३८ लाख ४० हजार ३०० खर्च भएकोमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

८६.१ **जडान कार्य नभएको** – भौ.नं. १९।०८१।३।१९ र २४।०८१।३।१९ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले गाउँपालिका स्तरीय एक घर एक धारा कार्यक्रम (६ वडाका लागि ६३० थान र पालिकाका लागि २० थान गरी ६४५ वाटर मिटर , ६१० वटा धारा, विभिन्न साईजका HDPE Pipe तथा फिटिङ्स र २ थान समरसिबल पम्प) खरिदका लागि रु ३८८३१५६।८८ को लागत अनुमान तयार गरी

NCB-G-13/80.81 मार्फत अमृतबाणी सुपर सप्लायर्स सम्झौता अनुसार रु.२८०४९५२।०० (२७.७ प्रतिशत घटी) मा खरिद गरी भुक्तानी गरेकोमा उक्त पाईप, वाटर मीटर, धारा तथा पम्प खरिद कार्यको मात्र रनिंग विल र कार्यसम्पन्न प्रतिवेदन पेश भएको छ । उक्त खानेपानी सम्बन्धि सामाग्री खरिद पश्चात जडान भएको नापी र प्राविधिक प्रतिवेदन, कार्यसम्पन्न र ६१० धाराको नम्बरिंग गरी फोटो सहितको अनुगमन गरेको प्रमाण पेश हुनुपर्ने रु



| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,०४,९५२ |

८६.२ **सोझै खरिद** – भौ. नं. ४७।०८१।३।२३, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा पालिकाले गाउपालिका स्तरीय एक घर एक धारा कार्यक्रमका लागि रु. ५० लाखको स्वीकृत बजेट रहेकोमा ठेक्काबाट खरिद भएको बाहेक आर्थिक वर्षको अन्तिम त्रैमासिकमा सम्बन्धित योजना भन्दा फरक अर्वाथोक खानेपानी योजना स्कीम-१ र स्कीम-२ का लागि (63mm PN10 १५० मिटर, 32mm PN10 ३०५० मिटर, 25mm PN12.5 ४२०० मिटर र 20mm PN16 ११४०० मिटर) उक्त बजेटलाई टुक्रयाई दरभाउपत्र मार्फत मितव्ययीयताको समेत ख्याल नगरी रिडर्स हार्डवेयर सेन्टरबाट रु.९९६०३८।०० मा खरिद गरी खर्च लेखेको पाईयो । उक्त पाइपहरु सम्बन्धमा पाईप बुझिलिएको भरपाई मात्र राखेकोले सोको जडान भएको नापी र प्राविधिक प्रतिवेदन, फोटो तथा अनुगमन प्रतिवेदन समेत पेश हुनुपर्दछ । यसरी प्रदेश समपुरक अनुदानको रकम खरिद नियमावली विपरित खरिद गरेको नियमितसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,९६,०३८ |

८७ **गा.पा.स्तरीय मर्मत सम्भार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले सभाको बैठकबाट स्वीकृत भएको कार्यक्रम विश्लेषण गर्दा गा.पा.स्तरीय मर्मत सम्भार शिर्षकमा रु. ५४ लाख ५६ हजार अवण्डा बजेट राखेको देखियो । कार्यक्रममा समावेश नगरी मर्मत सम्भार शिर्षक उल्लेख गरि अवण्डा राखेको नियमित देखिन आएन । अवण्डा रकमबाट पटक पटक गरी सुविधाका आधारमा छनौट भएका योजना, मर्मत सम्भार तथा अन्य खर्च गरेको छ । बजेट अबण्डामा राखी अधिकांश टुक्रे कार्य सोझै भुक्तानी तथा अमानतबाट गर्ने तथा केही कार्य कार्यपालिकाको निर्णय बाट खर्च गर्ने गरेको

देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ। शूरू योजनामा समावेश नगरी मर्मत सम्भारका रुपमा विभिन्न टुक्रे कार्य तथा योजना थप गर्ने परिपाटीमा सुधार गर्नु पर्दछ ।पालिकाले देहायअनुसार गा.पा.स्तरीय मर्मत संभार शिर्षकबाट खर्च गरेको देखियो।

| भौ.नं.।मिति | निर्माण व्यवसायी | खरिद प्रक्रिया | खर्च |
|---|---|---|---|
| ९।०८०।८।१७ | सिद्धवावा कन्ट्रक्सन निर्माण सेवा | दरभाउपत्र | २९९३२० |
| १२।०८०।८।२० | बिटेन कन्स्ट्क्सन एण्ड सप्लायर्स प्रा.ली | दरभाउपत्र | ३६११६७ |
| १५।०८०।८।२२ | सुस्मा एण्ड सृष्टि निर्माण सेवा | दरभाउपत्र | २२६७५२ |
| ३३।०८०।९।२५ | वेस्टर्न पपुलर कन्स्ट्रकसन प्रा लि | दरभाउपत्र | १५८५३३ |
| २२१।०८१।२।१६ | ओम रेसुङ्गा सिद्धबाबा कन्स्ट्रक्सन एन्ड सप्लायर्स | दरभाउपत्र | २७७०५२ |
| ३६८।०८१।३।२३ | रुरु रेसुंगा कन्स्ट्रकसन एण्ड सप्लायर्स | दरभाउपत्र | ७४०२८ |
| ३७४।०८१।३।२३ | बिटेन कन्स्ट्क्सन एण्ड सप्लायर्स प्रा.ली | दरभाउपत्र | १६१०१४ |
| ३७५।०८१।३।२३ | रुरु रेसुंगा कन्स्ट्रकसन एण्ड सप्लायर्स | दरभाउपत्र | ७४०२८ |
| ३७८।०८१।३।२४ | फोर्टिन स्टार डेभलपर्स एण्ड सप्लायर्स प्रा.लि. | दरभाउपत्र | ५६०७४८ |
| जम्मा | | | २१९२६४२ |
| १५१।०८०।१२।५ | वडाका विभिन्न मोटर बाटो मर्मत उ.स. | उ.स. | ५०३००० |
| १८४।०८०।१२।२५ | वडाका विभिन्न मोटर वाटो म.उ.स. | उ.स. | ६४२००० |
| २७८।०८१।३।११ | विभिन्न सडकहरु स्तरउन्नती मर्मत संम्भार उ.स. | उ.स. | १९६५०० |
| ३४०।०८१।३।२१ | जुभुङ मोटरवाटो मर्मत सम्भार उपभोक्ता समिति | उ.स. | ५३१००० |
| ३४६।०८१।३।२१ | मोटरवाटो मर्मत उपभोक्ता समिति | उ.स. | २९८००० |
| ३४७।०८१।३।२१ | वडा स्तरीय विभिन्न मोटर बाटो मर्मत उपभोक्ता समिति | उ.स. | ४२०००० |
| जम्मा | | | २५९०५०० |
| | कन्टिन्जेन्सी तथा अन्य खर्च | | २२५७४६ |
| | सोझै।अमानत बाट मेशिनरी, फर्निचर र अन्य मर्मत सम्भार | | ४४७११२ |
| जम्मा | | | ६७२८५८ |
| कुल जम्मा | | | ५६०९५६५ |

पालिकाले गा.पा.स्तरीय मर्मत सम्भारबाट सार्वजनिक निर्माण सम्बन्धि मर्मत सम्भार कार्य दरभाउपत्र र उपभोक्ता समितिबाट र सो बाहेका मेशिनरी औजार, फर्निचर तथा अन्य मर्मत सम्भार सोझै तथा अमानतबाट गरेको देखिएकोले सार्वजनिक निर्माण सम्बन्धी आवश्यक निर्माण कार्य मात्र गर्नुपर्नेमा स साना मर्मत कार्य समेत गाउँपालिका स्तरीय मर्मत सम्भार गरी खर्च गरेको उचित देखिएन । पालिकाले यसरी अबण्डा बजेट राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । उक्त खर्चहरु सार्वजनिक गरी पालिकाको सभाबाट अनुमोदन समेत हुनपर्दछ ।

८८ **पाइप तथा मोटर खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। नमुना छनौट गर्दा पालिकाले देहायको भुक्तानी दिएकोमा उक्त खरिद भएका सामाग्रीहरु वडा अध्यक्षले बुझेको तर सोको जडान भएको नापी र प्राविधिक प्रतिवेदन, फोटो तथा अनुगमन प्रतिवेदन पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

| भौ नं | आपूर्तिकर्ता | विवरण | सामाग्री | रकम |
|---|---|---|---|---|
| २०।०८०।९।१६ | परफेक्ट वाटर पम्प सप्लायर्स | खानेपानी मर्मत तथा पाईप खरिद | 17.5HP KSB make submersible water pump १ सेट | १८५००० |
| ३२५।०८१।३।२० | | वडा न ६ को खानेपानी पाइप खरिद | एच डि पी पाइप | १५०००० |
| | कंडेल निर्माण सेवा | | 50mm PN10 १५३ मिटर | |
| | | | 32mm PN10 २१२ मिटर | |
| | | | 25mm PN12.5 २१२ मिटर | |
| | | | 20mm PN16 १८८० मिटर | |
| ३५८।०८१।३।२२ | रिडर्स हार्डवेयर सेन्टर | खानेपाईप खरिद वडा नं. ६ | एच डि पी पाइप | ४९९८२ |
| | | | 20mm PN16 ११६४ मिटर | |
| ३१०।०८१।३।२९ | डि.पि.ट्रेड | वडा नं.५ को पाईप खरिद | 20mm pn16 १०४० मिटर | १००००० |
| | | | र 25mm pn 12.5 १००० मिटर | |
| २९३।०८१।३।१५ | डि.पि.ट्रेड | खानेपानी मर्मत तथा पाईप खरिद | 50mm MN10 ४०० मिटर | ७२३२० |
| | | जम्मा | | ५५७३०२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५७,३०२ |

## ८९ कोर कट्टर मेशिन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । भौ.नं. ३३०।०८१।३।१९ बाट असार मसान्तमा पालिकाले मेशिनरी तथा औजार तर्फको बजेटबाट फिस्टेल जियोसर्भे प्रा.लि. बाट १ थान Core Cutter Machine with 102mm core Bit Cayken SCY-2550 E रु. १६९०२५।०० मा खरिद गरे वापत भुक्तानी गरेको पाईयो । उक्त सामाग्री पालिकामा प्राप्त भई नसकेको अवस्थामा जिन्सी दाखिला समेत गरी भुक्तानी गरेको नियम सम्मत देखिएन । पालिकाले लेखापरीक्षणमा औंल्याएपश्चात उक्त मेशिन पालिकाले प्राप्त गरेको छ । पालिकाले नियमानुसार सामाग्री प्राप्त भएपछि मात्र जिन्सी दाखिला र भुक्तानी गर्नुपर्दछ ।

## ९० सौर्य बत्ती जडान

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियम १० मा लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्ने व्यवस्था छ । साथै उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र अन्तर्गतका नविकरणिय उर्जा प्रविधि जडानका लागि विभिन्न नविकरणिय उर्जा प्रविधिहरुको अधिकतम सन्दर्भ मूल्य निर्धारण गरी सोही आधारमा सौर्य बत्ती सम्बन्धित खरिद तथा जडान कार्यका लागि लागत अनुमान तथा खरिद कार्य गर्नु पर्दछ । बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र अन्तर्गतको कार्यक्रममा यथार्थपरक लागत अनुमान तयार गरी तोकिएको स्पेशिफिकेसन अनुसार प्रतिस्पर्धि तथा मितव्ययी रुपमा सम्बन्धित कारोबार गर्ने आपूर्तिकर्तासिंग खरिद कार्य गर्नुपर्दछ ।

| भौ. नं . | आपूर्तिकर्ता | रकम रु | |
|---|---|---|---|
| ४।०८०।९।२५ | जनप्रिय सोलार हाउस | ५६६६२४ | १० थान 82AH Battery, Charge Controller 15 Amp ३ थान , 40 Watt Street light ३ थान समेत अन्य |
| ४७।०८१।३।२३ | जनप्रिय सोलार हाउस | १२२४८० | सोलार प्यानल १०० वाट २ थान, Charge Controller 12 Amp १ थान , 40 Watt Street light १ र पोल १ थान समेत अन्य |
| ४८।०८१।३।२३ | जनप्रिय सोलार हाउस | ९९८०५ | ७ थान स्ट्रिट लाईट मर्मत समेत |

९१ **थप निर्माण कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा सोझै खरिद गर्न नपाउने तथा नियम ९८ मा सार्वजनिक निकायले १ लाख रुपैयामा नबढाई अमानतबाट काम गराउन सक्ने उल्लेख छ। पालिका अन्तर्गत गुल्मी जिल्ला दरबार गाउँपालिका मोड देखि डाँडा पोखरी जोड्ने सडक स्तरोन्नती कार्यका लागि निर्माण व्यवसायी रुरु रेसुङ्गा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.ले बोलपत्र मार्फत रु. २१६११८०।०० को कार्य सम्पन्न गरिसकेकोमा पालिकाले २०८१ असार मसान्तमा पुन: भौ.नं.५६। ०८१।३।२४ बाट माटो काट्ने तथा मर्मत सम्भार कार्य वापत सोझै सोही निर्माण व्यवसायी रुरु रेसुङ्गा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.लाई रु. ६४६४९।०० र भौ.नं.५६।०८१।३।२४ बाट ओम रेसुङ्गा सिद्धबाबा कन्स्ट्रक्सन एन्ड सप्लायर्सलाई रु. ९८९४९। ०० समेत ठेक्का सम्झौताभन्दा थप कार्य सोझै रु. १६३५९८।०० बढीको थप कार्यको निर्णय, पुष्ट्याई, सम्बन्धित फोटोतथा अनुगमन वेगर भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,६३,५९८ |

९२ **रोकेखोला बाढी नियन्त्रण तथा तटबन्ध निर्माण**

पालिकाले प्रदेश सशर्त कार्यक्रम तर्फ रोकेखोला बाढी नियन्त्रण तथा तटबन्ध निर्माण कार्यका लागि रु. ९९९३६२।०० को लागत अनुमान तयार गरी देउराली इन्जिनियरिङ्ग कम्पनी प्रा.लि.संग २०८१।१।३० मा कार्य सम्पन्न हुने गरी २०८०।११।१७ मा रु. ७२५७९२।०० मा सिलबन्दी दरभाउ पत्र मार्फत सम्झौता गरेकोमा रु. ७१८१४६ मा कार्य सम्पन्न गरेको छ । उक्त कार्यको फाईल परिक्षण गर्दा संलग्न फोटोमा जलश्रोत तथा सिँचाई विकास डिभिजनबाट सोही साईट तथा चेनेजमा स्टोन मेशनरी, क्यानल लाईनिङ तथा प्रोटेकसनको कार्य भएको देखिएकोमा पालिकाबाट समेत सोही स्थानमा ग्याबियन प्रोटेकसनको कार्य गरेको छ । एउटै स्थानको योजनामा प्रदेश अन्तर्गतको कार्यालयबाट र प्रदेश सरकारबाट नै हस्तान्तरित भई पालिका मार्फत समेत सोही योजनाको कार्यमा कार्यक्षेत्र समेत एकिन नगरी खर्च गर्नु उचित देखिएन । पालिकाबाट के कति कार्यमा खर्च भएको सम्बन्धमा एकिन हुन सकिने अवस्था छैन । पालिकाले एउटै स्थानको योजनामा प्रदेशको समेत बजेट तथा योजना रहेको अवस्थामा काममा दोहोरोपना नहुने गरी योजनाको कार्य संचालन गर्नुपर्दछ ।

९३ **सि.सि.टिभी. जडान**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ।

पालिकाले यो वर्ष देहाय अनुसार पालिका तथा वडाका लागि सि.सि.टिभी. जडान गर्न पालिका तथा वडाको कार्यक्रम छुट्याई देहयानुसारको आपुर्तिकर्ताबाट खरिद कार्य गरी रु. १६३०६४२ भुक्तानी गरेको छ। यसरी प्रतिष्पर्धा सिमित हुने गरी सोझै खरिद गर्नु हुँदैन । पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद कार्य गर्नुपर्ने रु.

| भौ नं | कार्यक्रम | आपूर्तिकर्ता | सामाग्री | रकम रु |
|---|---|---|---|---|
| ३१।०८०।९।२५ | CCTV जडान | आई.टि.स्टेशन, नेपाल | गाउँपालिका भित्रका विभिन्न वडा कार्यालयमा सि सि टि भि जडान | ९९९२५६ |
| | | | 2MP IP DOME Camera १३ थान | |
| | | | 4MP IP Bullet Camera २७ थान | |
| १६।०८०।८।२५ | CCTV जडान वडा नं.४ | डेलिसा सप्लयार्स | १० वटा hikvision bullet cc camera and set up | २९८१७४ |
| ३७०।०८१।३।२३ | cctv विधुतिय उपकरण जडान | आई.टि.स्टेशन, नेपाल | ४ वटा IP IR bullet camera and accessories | ३३३२१२ |
| | | | | १६३०६४२ |

| | |
|---|---|
| अनियमित भएको | १६,३०,६४२ |

९४ **निर्माण कार्यमा मितव्ययियता**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारका निर्माण कार्यमा विनियोजित बजेटको आधारमा लागत अनुमान तयार गरी बोलपत्र तथा सिलबन्दी दरभाउ पत्र मार्फत खरिद कार्य गर्दा ३० प्रतिशतसम्म घटी लागतमा कार्यसम्पन्न भएको पाईयो । तर पालिकाले बाँकी रहेको बजेट बाट दरभाउपत्र मार्फत सोझै खरिद विधिबाट कार्य गराउन लागत अनुमान तयार गरी ३ निर्माण व्यवसायीसंग दररेट माग गरी निर्माण व्यवसायीबाट कार्य गराउँदा लागत अनुमानको हाराहारीमा सोझै खरिद प्रक्रिया मार्फत सम्झौता तथा कार्यसम्पन्न गरी भुक्तानी गरेको छ । यसरी एउटै निर्माण व्यवसायीबाट बोलपत्र मार्फत कार्य गराउँदा ४० प्रतिशतसम्म घटी लागतमा कार्य भएकोमा निर्माण व्यवसायीबाट शत प्रतिशत लागतमै कार्यसम्पन्न भएको देखिँदा पालिकाको सोझै खरिद प्रक्रिया पार्दर्शिता कायम नभएको तथा ठेक्काको तुलनामा थप व्ययभार परेको देखिन्छ ।

पालिकाले खरिद ऐन तथा नियमावली बमोजिम खरिद नियमावली अनुसार असल अभ्यास गरी निर्माण कार्यको खर्चमा मितव्ययियता कायम गर्नु पर्दछ । केही उदाहरण देहाय अनुसार रहेका छन् :

| कार्य | निर्माण व्यवसायी | खरिद प्रक्रिया | ल ई | सम्झौता | घटी | खर्च रु | |
|---|---|---|---|---|---|---|---|
| थाक्सीपोखरा गल्छेकोट भुंगरेथान सडक वडा नं. १ | प्रेरणा निर्माण सेवा | SQ-14 | १४५५७८९ | ९८५४८६ | ३२.९०% | ९७६३५३ | ठेक्का रकमबाट बचेकोबाट कोटेशनबाट कार्य |
| | बस्नेत कन्स्ट्रकसन | दरभाउपत्र | ४६९७७६ | ४६६०२२ | ०.८०% | ४६५४९७ | |
| हटिया धर्मि ताङजाली पल्लिकोट सडक स्तर उन्नति वडा नं. २ | ओम रेसुङ्गा सिद्धबाबा कन्स्ट्रक्सन एण्ड सप्लार्यस | SQ-12 | १४९९७३१ | ९१०१६० | ३९.३१% | ९०७३६१ | ठेक्का रकमबाट बचेकोबाट कोटेशनबाट कार्य |
| | | कोटेशन | ५३१५३८ | ५२५०४३ | १.२२% | ५१५८०८ | |

९५ **दोबाटा भर्लारुख पेखनपोखरा देखि रेसुङ्गा नगरपालिका जोड्ने कृषि सडक प्रदेश विशेष**

प्रदेश विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६ को दफा १० र ११ मा बचत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने र लागत बढन गएमा बढेको रकमको दायित्व स्थानीय तहले व्यहोर्नुपर्ने उल्लेख छ । अन्तरसरकारी वित्तीय हस्तान्तरण कार्यान्वियन सम्बन्धि मार्गदर्शन, २०८०।८१ को दफा ६ मा योजनाको कार्यान्वियन प्रकृया उल्लेख गर्नुपर्ने र दफा १० मा बचत रकम खर्च गर्न नपाईने तथा प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकाले प्रदेश विशेष अनुदान तर्फ दोबाटा भर्लारुख पेखनपोखरा देखि रेसुङ्गा नगरपालिका जोड्ने कृषि सडक निर्माण कार्यका लागि NCB-20/080-81 मार्फत रु. १९४०८४७।०० को लागत अनुमान तयार गरी वेस्टर्न पपुलर कन्स्ट्रकसन प्रा.लि.संग २०८१।३।१५ सम्म कार्य सम्पन्न गर्ने गरी २०८१।२।१९ मा रु. १४७३६१२।०० मा सम्झौता गरेकोमा रु. ११७६६३४।०० को मात्र कार्यमा कार्य सम्पन्न भई भुक्तानी भएको देखिन्छ । पालिकाले ठेक्काबाट बचेको रकम सम्बन्धित मन्त्रालयसंग स्वीकृति समेत नलिई तथा मितव्ययिताको समेत ख्याल नगरी दरभाउ पत्र मार्फत रु. ३७३७५९।०० को लागत अनुमानमा सोही निर्माण व्यवसायी वेस्टर्न पपुलर कन्स्ट्रकसन प्रा.लि. संग रु.३७०२२७।०० (१.९६ प्रतिशत घटीमा) मा २०८१।३। २३ असारमा कार्य सम्पन्न गर्ने गरी २०८१।२।२७ (वर्षान्तमा सम्झौता) थप कार्य गराई रु. ३५८१८७।०० खर्च लेखेको छ । नियमको पालना गरी कार्य गर्नुपर्दछ ।

अनियमित भएको

९६ **म्याद थप**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा म्याद सकिनु अगावै निर्धारित कार्य सम्पादन जमानत, पेश्की जमानत, विमा, संशोधित कार्यतालिका र अन्य प्रमाण कागजात सहित निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ ।त्यसैगरी बाह्रौ र तेह्रौ संशोधन नियम १२०क अनुसार म्याद थप भई चालु रहेका र म्याद थप हुन नसकेका खरिद सम्झौतामा डिजाईन परिमार्जन भएको, बजेट अपुग भएको, निर्माणस्थालको उपलब्धता हुन नसकेको, समयमा भुक्तानी हुन नसकेको, निर्माण सामाग्री अभाव भएको वा निर्माणस्थलमा प्राकृतिक विपद परेको लगायत कारणबाट सम्झौता अवधि भित्र सम्पन्न हुन नसकेका वा काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएका खरिद सम्झौताको हकमा उचित कारण, सोको पुष्ट्याई र संशोधित कार्यतालिका सहित ३० दिन भित्र म्याद थपको लागि निवेदन दिएमा सार्वजनिक निकायको प्रमुखले उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी म्याद थप गर्न सकिने उल्लेख छ ।

कार्यपालिकाको २०८१।३।२० को निर्णयले "पालिकासँग खरिद सम्झौता गरि काम शुरु गरेका र वर्षातको कारण तोकीएको समयमा कामसम्पन्न हुन नसेकेको हुँदा म्याद थप गरि दिनु हुन भनि निवेदन पेश भएको हुँदा खरिद सम्झौता गरि तोकीएको समयमा काम सम्पन्न नगर्ने तपशिलका निर्माण व्यवसायीहरुलाई सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० र १२१ को आधारमा तपशिल बमोजिमको म्याद थप गर्ने निर्णय गरियो " उल्लेख गरी एकमुष्ट ८ वटा ठेक्काको २०८१ असोज तथा पौष मसान्त र २०८२ असार मसान्त सम्म म्याद थप गरेको पाईयो । पालिकाले अद्यावधिक विमा तथा संशोधित कार्यतालिका संलग्न वेगर म्याद थप गरेको उचित भएन ।उक्त म्याद थप गर्दा कार्यालयले म्याद थपको फाईल तथा कागजात व्यवस्थित रुपले नराखेकोले तथा केही ठेक्काको म्याद थप भएको जनाएतापनि लेखापरीक्षणको क्रममा कागजात तथा फाईल पेश गर्न नसकेकोले यससम्बन्धमा यकिन हुन सकिएन । पालिकाले सार्वजनिक खरिद नियमावली तथा सम्झौता अनुसार उचित कारण तथा पुष्ट्याई भए मात्र म्याद थप गर्नुपर्दछ । सम्झौताको शर्त र खरिद नियमावली अनुसार तोकिएको समयमै कार्य सम्पन्न गराउनुपर्दछ

कार्यपालिकाबाट भएको म्याद थपका केही उदाहरण देहाय अनुसार रहेका छन् :

| ठेक्का नं | निर्माण व्यवसायी | योजनाको नाम | सम्झौता रु | भुक्तानी | निवेदनको व्यहोरा | म्याद थप |
|---|---|---|---|---|---|---|
| NCB-18/80.81 | निर कन्स्ट्रकसन प्रा. लि | डुम्रीखर्क खिर्तिप कृषि सडक | ७६२७७६ | ५०७७५९ | वर्षातका कारण | २०८१ पौष मसान्त |
| NCB-2/80.81 | देउराली इन्जिनियरिङ्ग कम्पनी प्रा.लि. | उपल्लो हटिया चिनिया पोखरी भरवा राङ्गबास फेदी खर्ज्याङ्ग मो.बा.स्तरोन्नती | १०७७९६७६ | ७३४०६१४ | वर्षातका कारण | २०८१ पौष मसान्त |
| NCB-15/80.81 | देउराली इन्जिनियरिङ्ग कम्पनी प्रा.लि. | उपल्लो हटिया चिनिया पोखरी भरवा राङ्गबास फेदी खर्ज्याङ्ग मो.बा.स्तरोन्नती | ३७५९२३३ | १६७५३९६ | वर्षातका कारण | २०८१ पौष मसान्त |
| NCB-1/78.79 | श्रेष्ठ कन्स्ट्रक्सन सेवा रेसुङ्गा-८ | बीरबास स्वास्थ्य चौकी भवन निर्माण type 2 | | ९०.००% | बजेटका कारण भुक्तानी नभएको | २०८२ असार मसान्त |
| NCB-16/80.81 | शिवालय निर्माण सेवा | श्रीनगर कभर्डहल निर्माण | ७६२२६३ | ५९११८२ | वर्षातका कारणले पटक पटक साईटमा पहिरो | २०८१ पौष मसान्त |
| NCB-9/80.81 | बिटेन कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ठूलाचौर राजा भट्टेचौर मिसुगा पल्लीकोट मो.बा.स्तरोन्नती | ३३८५४८४ | २६९७८४३ | वर्षातका कारण | २०८१ पौष मसान्त |

## ९७ उपल्लो हटिया चिनिया पोखरी भरवा राङ्बास फेदी खर्ज्याङ् मोटर बाटो स्तरोन्नति

९७.१ अन्तरसरकारी वित्तीय हस्तान्तरण कार्यान्वयन सम्बन्धि व्यवस्था र मार्गदर्शन २०८०।८१ तथा समपुरक अनुदान सम्बन्धि (तेश्रो संशोधन) कार्यविधि, २०७७ अनुसार विनियोजित बजेट तथा योजनाको अधिनमा रहि सम्बन्धित समपुरक योजनामा खर्च गर्नुपर्ने तथा खर्च नभई बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संचित कोष दाखिला गर्नुपर्ने व्यस्था रहेको छ ।पालिकाले संघीय समपुरक अनुदान अन्तर्गत उपल्लो हटिया चिनिया पोखरी भरवा राङ्बास फेदी खर्ज्याङ् मोटर बाटो स्तरोन्नति निर्माण कार्यको योजनाका लागि संघ समपुरकको रु. ८० लाख र पालिकाबाट रु. ८० लाख गरी कुल रु. १ करोड ६० लाखको स्वीकृत बजेटमा रु.१५५२७९३६।०० को लागत अनुमान तयार गरी NCB-2/080-81 बाट निर्माण व्यवसायी देउराली इन्जिनियरिङ्ग कम्पनी प्रा.लि.संग २०८१।१।३० सम्म कार्य सम्पन्न गर्ने गरी २०८०।८।२० मा रु.१०७७९७७६।०० (३०.९७ प्रतिशत घटी) मा सम्झौता गरेकोमा २ पटक म्याद थप (कार्यपालिका निर्णयबाट २०८१ पौष ३० सम्म) समेत गरेकोमा २०८१ असार मसान्त सम्म रु. ७३४०६१४।३६ (६८ प्रतिशत प्रगति) भुक्तानी भई कार्य सम्पन्न नभएको देखिन्छ । साथै पालिकाले प्रथम ठेक्का NCB-2/080-81

को बचत रकमबाट पुन: दोश्रो ठेक्का NCB-15/080-81 का लागि रु. ५१६१८८९।९५ को लागत अनुमान तयार गरी सोही निर्माण व्यवसायी देउराली इन्जिनियरिङ्ग कम्पनी प्रा.लि.संग २०८०।३।१६ सम्म कार्य सम्पन्न गर्ने गरी २०८१।१।१८ मा रु. ३७५९२३३। १४ (२७.४९ प्रतिशत घटी) सम्झौता गरेकोमा म्याद थप (कार्यपालिका निर्णयबाट २०८१ पौष ३० सम्म) समेत २०८१ असार मसान्त सम्म रु. ८७५३९६।४४ (२३ प्रतिशत प्रगति) भुक्तानी भएको छ ।पालिकाले अर्थ मन्त्रालयको स्वीकृति लिई बचत रकमबाट ठेक्का कार्यान्वयन गर्नुपर्दछ ।साथै निर्माण कार्यको प्रगति न्यून देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौताको शर्त बमोजिम दुवै ठेक्काको कार्य नियमानुसार समयमै सम्पन्न गर्नुपर्दछ।

९७.२ **पेश्की कट्टी :** NCB-2/080-81, निर्माण कार्यको सम्झौताको शर्त ५७.३ बमोजिम निर्माण कार्यको पेश्की प्रत्येक रनिंग विलबाट ४० प्रतिशतका दरले निर्माण कार्यको ३० प्रतिशत देखि ८० प्रतिशत मूल्यांकन हुने रनिंग विलसम्म कट्टी गरिसक्नुपर्ने व्यवस्था उल्लेख रहेको छ । NCB-2/080-81 का निर्माण व्यवसायी देउराली इन्जिनियरिङ्ग कम्पनी प्रा.लिलाई रु. २० लाख पेश्की भुक्तानी भएकोमा सो मध्ये रु. ५ लाख फर्स्यौट भई रु. १५ लाख पेश्की बाँकी रहेको देखिन्छ । सम्झौता बमोजिम दोश्रो रनिंङ विल रु. ४१९६४२५।५० को भुक्तानी गर्दा ४० प्रतिशतले हुने रु. १६७८५७०।०० कट्टी गर्नुपर्नेमा रु. ५ लाख मात्र पेश्की कट्टी गरेकोले प्रावधान अनुसार घटी पेश्की कट्टी गरेको रु. ११७८५७०।०० असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,७८,५७० |

९७.३ **विमा :** सम्झौताको विशेष शर्त १९.१ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि १२ महिना समेतको विमा गराउनु पर्ने व्यवस्था रहेकोमा देहाय अनुसार घटी अवधि तथा ठेक्का अवधि पछिको विमा पोलिसी पेश भएको छ ।सम्झौताको शर्त बमोजिम निर्माण कार्यको विमा अद्यावधिक हुनुपर्दछ ।

| उपल्लो हटिया चिनिया पोखरी भरवा राङ्बास फेदी खर्ज्याङ् मोटर बाटो स्तरोन्नति | | | | | |
|---|---|---|---|---|---|
| ठेक्का नम्वर | निर्माण व्यवसायी | सम्झौता रकम रु | सम्झौता तथा म्याद थप अनुसार हुनुपर्ने म्याद | वास्तविक विमा म्याद | विवरण |
| NCB-2/80-81 | देउराली इन्जिनियरिङ्ग कम्पनी प्रा.लि. | १०७७९७७६ | २०८०।८।२० देखि २०८१।९।३० म्याद थप समेत (plus DLP) | २०८०।८।२५ देखि २०८१।१।३० (plus DLP) | घटी अवधिको विमा |
| NCB-15/80-81 | देउराली इन्जिनियरिङ्ग कम्पनी प्रा.लि. | ३७५९२२३ | २०८१।१।१८ देखि २०८१।९।३० म्याद थप समेत (plus DLP) | २०८१।१।१८ देखि २०८१।३।१६ (plus DLP) | २०८१।३।२१ मा ब्याक डेटको विमा गरेको तथा घटी अवधिको विमा |
| | | | | | |

९८ **सम्भाव्यता अध्ययन र प्रस्ताव**

समपुरक तथा विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७७ को दफा २ को उपदफा ३(१) मा प्रस्ताव पेश गर्दा आयोजना।कार्यक्रमको सम्भाव्यता अध्ययन (Feasibility Study) कुल लागत, कार्यक्रमको डिजाईन, ड्रइङ, स्पेशिफिकेसन सहितको विस्तृत विवरण र कार्यक्रम सम्पन्नका लागि लाग्ने समय , ठाउँ बारे खुलाई पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले समपुरक अनुदान वा विशेष अनुदान प्राप्त गर्नका लागि आयोजनाका लागि सम्भाव्यता अध्ययन वा डिपिआर बमोजिम कार्य हुनुपर्नेमा लेखापरीक्षणको क्रममा अधिकांश समपुरक तथा विशेष अनुदानका योजनाको सम्भाव्यता अध्ययन तथा प्रस्ताव पेश भएन । डिपिआर तथा सम्भाव्यता अध्ययन पेश नभएकोले

योजनाको प्रभावकारिता सम्बन्धमा एकिन हुन सकिने अवस्था छैन ।यस सम्बन्धमा पालिका तथा अनुदानका लागि छनौट गर्ने मन्त्रालय र निकायको समेत ध्यानाकर्षण हुनुपर्दछ ।

९९ **संघ समपुरक रकम**

समपुरक अनुदान सम्बन्धि (तेश्रो संशोधन) कार्यविधि, २०७७ को दफा ६ मा सम्बन्धित कार्यक्रम तथा आयोजनाका लागि ५० प्रतिशत अनुदानको रकम सम्बन्धित स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था छ ।पालिकाले संघीय समपुरक अनुदान अन्तर्गत उपल्लो हटिया चिनिया पोखरी भरवा राङ्बास फेदी खर्ज्याङ् मोटर बाटो स्तरोन्नति निर्माण कार्यको योजनाका लागि संघ समपुरकको रु. ८० लाख र पालिकाबाट रु. ८० लाख गरी कुल रु. १ करोड ६० लाखको स्वीकृत बजेटमा रु.१५५२७९३६।०० को लागत अनुमान तयार गरी २ वटा बोलपत्र मार्फत रु. १०४६९८५३।०० कन्टिन्जेन्सीसमेत खर्च भएकोमा सोको ५० प्रतिशतले हुने रु. ५२३४९२७।०० मात्र समपुरक बजेटबाट खर्च गर्नुपर्नेमा रु.५४३१२४५।०० खर्च लेखेकोले समपुरक अनुदान तर्फ खर्चको अंश रु.१९६३१८।०० बढी देखिएकोले फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९६,३१८ |

१०० **ठुलाचौर-पल्लीकोट मोटरबाटो स्तरोन्नती**

१००.१ NCB-9/080-81, प्रदेश समपुरक योजना अन्तर्गत ठूलाचौर-राजा-भट्टेचौर-मिसुगा-पल्लीकोट मोटर बाटो स्तरोन्नतीका लागि रु. ४८५४२४४।०० को लागत अनुमान तयार गरी बिटेन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. संग २०८१।१।३१ सम्म कार्य सम्पन्न गर्ने गरी २०८०।११।२० मा रु.३३८५४८४।०० मा सम्झौता गरेकोमा म्याद थप (कार्यपालिका निर्णयबाट २०८१ पौष ३० सम्म) समेत गरेकोमा २०८१ असार मसान्त सम्म रु. २६९७८४३।६७ (७९ प्रतिशत प्रगति) भुक्तानी भई कार्य सम्पन्न नभएको देखिन्छ । ठेक्काको सम्झौता र खरिद कानुन बमोजिम समयमा कार्य सम्पन्न गराउनु पर्दछ ।

१००.२ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । निर्माण व्यवसायीले अद्यावधिक कार्य सम्पादन जमानत, कार्यतालिका र अद्यावधिक विमा वेगर निर्माण सामाग्रीको अभाव र २ महिना मात्र ठेक्का अवधि हुँदा समय सिमा कम भएकोले म्याद थप सम्बन्धि निवेदनमा उल्लेख गरेको छ । पालिकाले उक्त निर्माण व्यवसायीको अद्यावधिक कार्य सम्पादन जमानत, कार्यतालिका र अद्यावधिक विमा वेगर तथा उचित कारण समेत नखुलाई कार्यपालिकाको निर्णयबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 र १२१ बमोजिम उल्लेख गरी २०८१।२।१ मा २०८१।९।३० सम्म म्याद थप गरेको देखिन्छ । यस सम्बन्धमा आर्थिक वर्षको अन्तिम त्रैमासिकमा ठेक्का सम्झौता गर्ने तथा अद्यावधिक कागजात र उचित कारण एवं पुष्ट्याई वेगर सार्वजनिक खरिद कानुन र सम्झौता विपरित म्याद थप निर्णय गरेको उचित देखिएन । पालिकाले ठेक्काको सम्झौता र खरिद कानुन बमोजिम प्रथम चौमासिकमै ठेक्का सम्झौता गरी समयमा कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ ।

१००.३ **विमा** – सार्वजनिक खरिद नियमावली २०६४ को नयम ११२ मा रु २० लाख भन्दा बढी मूल्यको निर्माण कार्यको निर्माण व्यवसायीले निर्माण स्थल सुम्पिएको मिति देखि त्रुटी सच्याउने अवधि सम्मको विमा गर्नुपर्ने व्यवस्था छ । साथै सम्झौताको शर्त दफा १९.१ मा निर्माण कार्य शुरु हुने मिति देखि नै विमा गर्नुपर्ने उल्लेख रहेकोमा सम्झौता अवधिको शुरु ( २०८०।११।२० देखि २०८१।१।३१ सम्मको विमा नगरी ठेक्का सम्झौताको ४ दिन बाँकी रहँदा २०८१।१।२७ देखि २०८१।१।३१ सम्म ) ठेक्का अवधि २ महिना मध्ये ४ दिनको मात्र विमा गरेको देखिन्छ । साथै २०८१।९।३० सम्म म्याद थप माग गर्दा समेत अद्यावधिक विमा पेश गरेको छैन। विमा वापत सम्झौतामा रु. ३५०००।०० को व्यवस्था रहेकोमा निर्माण व्यवसायीलाई विमा वापत रु ३०५०८।०० भुक्तानी भएको छ । सम्झौता अनुसार म्याद थप अवधि र त्रुटी सच्याउने अवधिसम्मको विमा पेश हुनुपर्दछ ।

१००.४

**कार्यसम्पादन जमानत** - निर्माण व्यवसायी बिटेन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. संग सम्झौता बमोजिम कार्यसम्पादन जमानत रु.५४००००।०० राखेकोमा म्याद थप र त्रुटी सच्चाउने अवधि समेत २०८२।९।३० सम्मको कार्यसम्पन्न जमानतको म्याद हुनुपर्नेमा २०८२।२।३० सम्मको मात्र म्याद रहेकोले कार्य सम्पादन जमानत अद्यावधिक नगराउनेलाई जिम्मेवार बनाउनुपर्दछ ।

१०१ **प्रदेश समपुरक रकम**

प्रदेश समपुरक अनुदान व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७८ को दफा ४ मा सम्बन्धित कार्यक्रम तथा आयोजनाका लागि ५० प्रतिशत अनुदानको रकम सम्बन्धित स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था छ ।पालिकाले प्रदेश समपुरक अनुदान अन्तर्गत ४ वटा निर्माण कार्यको योजनाका लागि प्रदेश समपुरकको रु. १ करोड लाख र पालिकाबाट रु. १ गरी कुल रु. २ करोडको स्वीकृत बजेटमा रु. १३३८४४८०।०० कन्टिन्जेन्सीसमेत खर्च भएकोमा सोको ५० प्रतिशतले हुने रु. ६६९२२४०।०० मात्र प्रदेश समपुरक बजेटबाट खर्च गर्नुपर्नेमा रु.८० लाख खर्च लेखेकोले समपुरक अनुदान तर्फ खर्चको अंश रु. १३,०७,७६०।०० बढी देखिएकोले फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,०७,७६० |

१०२ **झिरबास टापु रैनादी डल्लीखोला मोटर बाटो स्तरोन्नती**

प्रदेश समपुरक अनुदान संचालन सम्बन्धि कार्यविधि, २०७६ को दफा ७ मा प्रस्ताव पेश गर्दा आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन (Feasibility Study) कुल लागत, कार्यक्रमको डिजाईन, ड्रइङ, स्पेशिफिकेसन सहितको विस्तृत विवरण र कार्यक्रम सम्पन्नका लागि लाग्ने सम र ठाउँ बारे खुलाई पेश गर्नुपर्ने व्यवस्था छ । साथै आयोजना तथा कार्यक्रमको न्यूनतम कुल लागत कम्तिमा एक करोड भन्दा बढी र दश करोड सम्मको लागत भएको आयोजना तथा कार्यक्रमको लागि प्रस्ताव पेश गर्नुपर्ने उल्लेख छ ।NCB-4/080-81, प्रदेश समपुरक अनुदान योजना अन्तर्गत झिरबास टापु रैनादी डल्लीखोला मोटर बाटो स्तरोन्नतीका लागि पालिकाले सम्भाव्यता अध्ययन वा डिपिआर वेगर रु. ४८५३६४३।०० को लागत अनुमान तयार गरी रेसुङ्गा इन्फाइस्ट्क्चर प्रा.लि.संग २०८०।१२।१५ सम्म कार्य सम्पन्न गर्ने गरी २०८०।८।२७ मा रु.३२८३७६१।०० मा सम्झौता गरेकोमा रु. ३२१९८६६।७५ भुक्तानी भई कार्य सम्पन्न भएको देखिन्छ । समपुरक अनुदानका योजना रु. एक करोड देखि रु. १० करोड सम्मको लागत अनुमान भएकोले सम्भाव्यता अध्ययन वा डिपिआर बमोजिम कार्य हुनुपर्नेमा लेखापरीक्षणको क्रममा योजनाको सम्भाव्यता अध्ययन, डिपिआर तथा प्रस्ताव पेश भएन । डिपिआर तथा सम्भाव्यता अध्ययन वेगर योजनाबद्ध रुपमा विकास नहुने र योजनाको गुणस्तर तथा प्रभावकारीता सम्बन्धमा एकिन हुन सकिने अवस्था छैन । यस सम्बन्धमा पालिका तथा अनुदानका लागि छनौट गर्ने मन्त्रालय र निकायको समेत ध्यानाकर्षण हुनुपर्दछ ।

१०३ **निर्माण कार्यमा गुणस्तर व्यवस्थापन**

यस स्थानीय तहले ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ र ११५ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा सडक, सिचाइ, खानेपानी, भवन, निर्माण आदि रु.११ करोड ८५ लाखको कार्य गराउँदा अधिकांश निर्माण सामाग्री परीक्षण गराएको पाइएन ।साथै यस निकायले गुणस्तर परीक्षण प्रयोगशाला र परीक्षण गर्ने जनशक्तिको व्यवस्था गरेको देखिएन ।अन्य प्रयोगशालावाट परीक्षण गराउने अभ्यास भएको पनि देखिएन । यसले गर्दा निर्माण कार्यमा गुणस्तरयुक्त काम भएको आश्वस्त हुन सक्ने अवस्था देखिदैन । पालिकाले ठेक्का मार्फतका निर्माण कार्यहरुको विल अफ क्वान्टिटीमा ल्याव टेस्ट वापत रकम व्यवस्था गरेपनि अधिकांश योजनामा सामाग्री तथा आईटमको ल्याब टेस्ट गरेको देखिएन । पालिकाले केही योजनाका मात्र क्यूब टेस्ट र कम्प्रेसिभ स्ट्रेन्थ टेस्ट गरेको छ । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षण हुनु पर्दछ । यसमा सुधार गर्नु पर्दछ । ल्याब टेस्ट नगरेका केही उदाहरण देहाय अनसार रहेका छन्:

| ठेक्का नम्वर | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम रु | |
|---|---|---|---|---|
| NCB-5/80-81 | खर्ज्याङ्ग बाख्रे बन्द्रखुट्टा वीरवास सिस्ने जुभुङ्ग मो. बा. स्तरोउन्नती | बिटेन कन्स्ट्रक्सन | ३२६३५०१ | |
| NCB-6/79-80 | ६ नं. वडा कार्यालय भवन निर्माण | शिवालय निर्माण सेवा प्रा. लि . | ३४१८५८४ | क्युब टेस्ट मात्र गरेको |

**१०४ एजबिल्ट नक्सा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ र ठेक्का सम्झौतामा निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र एजबिल्ट नक्सा पेस गर्नुपर्ने र पेस नगरेमा तोकिएको रकम रोक्का गर्नुपर्ने व्यवस्था छ। पालिकाले अधिकांस सम्झौतामा एजविल्ट नक्सा पेश गर्नु नपर्ने प्रावधान राखेको पाईयो ।एजविल्ट नक्साले निर्माण कार्य तोकिएको ड्रइङ डिजाईन बमोजिम भए नभएको यकिन हुने र निर्माण कार्यको वास्तविक नक्सा देखिने भएकोले महत्त्वपूर्ण हुने हुँदा खरिद नियमावलीको प्रावधान बमोजिम अनिवार्य रुपमा सम्झौतामा पेश गर्नु पर्ने गरी व्यवस्था राख्नु पर्दछ । केही उदाहरण देहाय अनुसार रहेका छन् :

| ठेक्का नम्वर | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम रु | भुक्तानी रु | एजविल्ट नक्सा |
|---|---|---|---|---|---|
| NCB-6/79-80 | ६ नं. वडा कार्यालय भवन निर्माण | शिवालय निर्माण सेवा प्रा. लि . | ३४१८५८४ | ३१५२०४३ | N/A |

**१०५ रुन्खादह माध्यमिक विद्यालय (१६ कोठे) भवन निर्माण**

पालिकाले संघ विशेष अनुदान तर्फ रुन्खादह माध्यमिक विद्यालय (१६ कोठे) भवन निर्माण कार्यका लागि NCB-8/080-81 मार्फत रु. ५५४१९२८५।०० को लागत अनुमान तयार गरी श्रेष्ठ कन्स्ट्रकसन प्रा.लि.संग २०८२।९।२९ सम्म कार्य सम्पन्न गर्ने गरी २०८१।१।१३ मा रु. ३४८१४४६५।२९ मा सम्झौता गरी यस वर्ष रु.६९ लाख ५० हजार पेश्की दिएकोमा कार्य अगाडि बढ्न सकेको छैन । सम्झौताको दफा scc 57.1 अनुसार २ किस्तामा २० प्रतिशत पेश्की विमा, पेश्की जमानत र फाउन्डेसनको कार्य शुरु गरेपछि दिने व्यवस्था उल्लेख गरेकोमा निर्माण व्यवसायीले निर्माण कार्यको विमा पेश नगरेको तथा साईटमा परिचालन नभएकोले २० प्रतिशत पेश्की एकमुष्टमा १० प्रतिशत पेश्की रकम रु. ३४७५०००।०० असुल गर्नपर्ने व्यहोरा उल्लेख गरेकोमा हाल निर्माण व्यवसायी साईटमा परिचालन भई सूचना बोर्डका साथै फाउन्डेसनको कार्य अगाडि बढाईसकेको प्रमाण पेश गरेको छ । पालिकाले निर्माण व्यवसायीलाई कार्यतालिका बमोजिम समयमै कार्यसम्पन्न गराउनुपर्दछ।`

**१०६ डुम्रिपोखरा देखि खिर्तिप खाने कृषि सडक ७ प्रदेश विशेष**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । डुम्रिपोखरा देखि खिर्तिप खाने कृषि सडक प्रदेश विशेष अनुदान अन्तर्गतको योजनाका लागि NCB-18/080-81 मार्फत रु. ९७०६९०।०० को लागत अनुमान तयार गरी निर कन्स्ट्रकसन प्रा.लि.संग २०८१।३।१५ सम्म कार्य सम्पन्न गर्ने गरी २०८१।२।१६ मा रु. ७६२७७६।०० मा सम्झौता गरेकोमा प्रथम विल वापत रु. ५०७७५९।०० को मात्र कार्य भई भुक्तानी भएको तथा कार्य सम्पन्न नभएको देखिन्छ । निर्माण व्यवसायीले वर्षायामका कारण कार्य सम्पन्न गर्न नसकिएको जनाई म्याद थप माग गरेकोमा कार्यपालिकाको निर्णयबाट २०८१ पौष मसान्तसम्म म्याद थप गरेको पाईयो । प्रदेश विशेष तर्फको योजना समयमै ठेक्का व्यवस्थापन गरी कार्य सम्पन्न गर्नुपर्नेमा वर्षान्तमा ठेक्का व्यवस्थापन नगरी समयमै सम्झौता गरी कार्य सम्पन्न गराउनुपर्दछ । पालिकाले यस सम्बन्धमा २०८१।८२ मा आवश्यक बजेट विनियोजन गरी कार्य सम्पन्न गराउने कार्यापालिकाको निर्णय भएको जनाएको छ ।

**१०७ स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ६**

पालिकाले संघ विशेष अनुदान तर्फ स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ६ कार्यका लागि NCB-3/080-81 मार्फत रु. २४०८१३४४।०० को लागत अनुमान तयार गरी निवास ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.संग २०८१।१२।३० सम्म कार्य सम्पन्न गर्ने गरी २०८०।९।१६ मा रु. १८६८५६३३।८४ मा सम्झौता गरी यस वर्ष रु.७७६३१२६।०२ भुक्तानी भएको छ ।

सम्झौताको विओक्युमा निर्माण कार्यको गुणस्तर आश्वस्तता योजना अनुसार कन्क्रिट क्युब टेस्ट, ब्रिकको वाटर एबजोर्पस्न टेस्ट तथा कम्प्रेसिभ स्ट्रेन्थ टेस्ट, सिमेन्ट मोर्टार टेस्ट, डण्डीको टेन्साईल टेस्टहरु तोकिएको फ्रिक्वेन्सी अनुसार परिक्षण गर्नुपर्नेमा लेखापरीक्षणको क्रममा विओक्युमा रहेको रु. ८० हजार भुक्तानी नभएको तथा उक्त टेस्टहरु भएको रिपोर्ट पेश भएको छैन ।

ल्याब टेस्टको रिपोर्ट पेश नभएकोले निर्माण कार्यमा गुणस्तरयुक्त काम भएको आश्वस्त हुन सक्ने अवस्था देखिदैन । पालिकाले ठेक्का मार्फतका निर्माण कार्यहरुको विल अफ क्वान्टिटीमा ल्याव टेस्ट वापत रकम व्यवस्था गरेपनि सामाग्री तथा आईटमको ल्याब टेस्ट रिपोर्ट पेश नभएकोले यस तर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षण हुनु पर्दछ ।

१०८ **बिमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि १२ महिना समेतको विमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न योजना अन्तर्गत बोलपत्रबाट खरिद गर्दा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरेको छ । ठेक्काको सम्झौतामा भएको विमाको व्यवस्था अनुसार निर्माण कार्यको शूरु हुँदा नै विमा गर्नुपर्नेमा अधिकांश ठेक्काको निर्माण व्यवसायीले विमा नगरेको वा निर्माण कार्य शूरु हुँदा विमा नगरी अन्त्यमा गरेको पाईयो ।यसरी समयमा विमा नगर्दा विमाको औचित्य समेत देखिदैन ।सम्झौता अनुसार बिमा गराई भविष्यको जोखिम न्यूनीकरणका गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । नमुना छनौटका आधारमा परिक्षण गर्दा निम्न ठेक्काहरुको नियममा भएको व्यवस्था अनुसार बीमा गरेको देखिएन । यसका केहि उदाहरण देहायअनुसार छन् –

| ठेक्का नम्वर | निर्माण व्यवसायी | सम्झौता मिति | सम्झौता रकम रु | हुनुपर्ने म्याद<br>म्याद | वास्तविक विमा म्याद | कैफियत |
|---|---|---|---|---|---|---|
| NCB-4/80-81 | रेसुङ्गा इन्फाइस्ट्रक्चर प्रा.लि. | २०८०।८।२७ देखि २०८०।१२।१५ | ३२८३७६१ | | | |
| NCB-9/80-81 | बिटेन कन्स्ट्रक्सन | २०८०।११।२० देखि २०८१।१।३० | ३३८५४८४ | २०८०।११।२० देखि २०८१।१०।३० सम्म | २०८१।१।२७ देखि २०८१।१।३१ | सम्झौताको २ महिना पछि विमा गरेको तथा म्याद थप अवधिको विमा नगरेको |
| NCB-4/80-81 | रेसुङ्गा इन्फाइस्ट्रक्चर प्रा.लि. | २०८०।८।२७ देखि २०८०।१२।१५ | ३२८३७६१ | २०८०।८।२७ देखि २०८०।१२।१५ सम्म | २०८०।११।१७ देखि २०८०।१२।१५ | सम्झौताको ३ महिना पछि विमा गरेको |
| NCB-7/80-81 | रुरु रेसुङ्गा कन्स्ट्रकसन प्रा. लि | २०८०।९।२५ देखि २०८०।११।३० | २०९८२३३ | २०८०।९।२५ देखि २०८०।११।२५ | २०८०।१२।५ देखि २०८०।१२।९ | सम्झौता अवधिको ६ दिनको मात्र विमा पल्स डिएलपी |

१०९ **कन्टिन्जेन्सी खर्च अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची–१ मा व्यवस्था छ । लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत तथा प्रदेश र संघ सशर्त, विशेष र समपुरक तर्फ ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन।

कार्यालयबाट कन्टिन्जेन्सी कट्टी तथा खर्च सम्बन्धि विवरण माग गरेकोमा प्राप्त भएन । उक्त विवरण प्राप्त नभएकोले लेखापरीक्षणको क्रममा सुत्र प्रणाली तथा बैंक नगदी किताबमार्फत छुट्याउँदा सबै कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । सफ्टकपी विवरण अनुसार कार्यालयले यो वर्ष देहाय अनुसार रु. २१ लाख ७ हजार कन्टिजेन्सी खर्च लेखेको देखिन्छ तर सोको अभिलेख, विस्तृत विवरण र मलेप फारम अनुसार तोकेको ढाँचामा नराखेकोले तथा प्रत्येक योजनाबाट ३ देखि ४ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टी गरेपनि सो अनुसारको खर्च विवरण पेश नगरेकोले यससम्बन्धमा यथार्थ विवरण भएको भन्न नसकिने भएकोले यकिन हुन सकिएन । अभिलेख नराखेकोले कन्टिन्जेन्सी खर्च लेखेको स्रेस्ता समेत छुट्याउन सकिएन । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

- महालेखानियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखांकन गर्नुपर्ने रकमहरु जस्तै मर्मत संभार, मसलन्द, विविध, स्टेशनरी छपाई, सूचना प्रकाशन, इन्धन, भ्रमण भत्ता जस्ता कार्यमा रु. २१ लाख ७ हजार समेत पूजिगत कार्यक्रम तथा शीर्षकबाट खर्च लेखेको देखिन्छ। जुन उक्त खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिदैन। चालु खर्चको लागि आवश्यक रकम चालु शीर्षकमा बजेट व्यवस्था गरी खर्च गर्नुपर्दछ ।

-कार्यालयले कन्टिन्जेन्सी खर्च मध्ये मर्मत तर्फ रु. २ लाख ७३ हजार ८००, मसलन्द तर्फ रु. १ लाख ४८ हजार, खाना।खाजा। होटल खर्च तर्फ ६ लाख ८२ हजार, भ्रमण खर्च रु. १ लाख ६० हजार, अनुगमन र बैठक खर्च तर्फ रु. २ लाख ८५ हजार, विविध खर्च तर्फ रु. ४ लाख ५० हजार र अन्य खर्च (सूचना, गाडि भाडा, फर्निचर, आदी) मा रु. ७३ हजार खर्च लेखेको पाइयो। कन्टिन्जेन्सी खर्च तर्फ अधिकांश प्यान विल, भरपाई र डोर हाजिरीको प्रयोग गरेको, अधिकांश फुटकर खर्च पार्टी पेमेन्ट नगरी व्यक्तिलाई भुक्तानी गरेको, स्रेस्तासंग पर्याप्त कागजात नराखेको, अधिकांश विविध खर्च उल्लेख गरी भुक्तानी गरेको र चालु प्रकृतिका खर्च बढी गरेको देखिन्छ ।चालु प्रकृतिका कार्यहरु चालु शिर्षकमा बजेट व्यवस्था भएकोमा कन्टिन्जेन्सी तर्फ चालु खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। पालिकाले कन्टिन्जेन्सी खर्च सम्बन्धि कार्यविधि बनाई खर्च गर्ने गराउने तथा आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाई मितव्यियता कायम हुने गरी मात्र खर्च गर्नुपर्दछ ।

११० **कन्टिन्जेन्सी खर्च**

प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ को दफा ११ को उपदफा ५ बमोजिम कन्टिन्जेन्सी वापत बढीमा तीन प्रतिशतसम्म मात्र राख्न पाईने व्यवस्था उल्लेख रहेको छ । पालिकाले देहाय अनुसारका अनुदान शिर्षकमा निर्माण कार्यको तीन प्रतिशत भन्दा बढी कन्टिन्जेन्सी खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| शिर्षक | कुल खर्च | निर्माण खर्च | खर्च गर्न पाउने ३ % कन्टिन्जेन्सी रु . | गरेको कन्टिन्जेन्सी खर्च रु. | बढी कन्टिन्जेन्सी खर्च रु. |
|---|---|---|---|---|---|
| प्रदेश समपुरक | १३३८४४८० | १२९८२२०० | ३८९४६६ | ४०२२८० | १२८१४ |

| | |
|---|---|
| अनियमित भएको | १२,८१४ |

१११ **स्वास्थ्य पुर्वाधार तर्फ**

१११.१ **अधुरो स्वास्थ्य चौकी भवन :** ठे.न. १।०७८।७९, विरबास स्वास्थ्य चौकी रु १३८७५१५८।२७ को ( भ्याट सहित) निर्माण व्यवसायी श्रेष्ठ कन्स्ट्रक्सन सेवासंग मिति २०७९ पौष ३० गते सम्पन्न गर्ने गरी मिति २०७८ पौष ११ गते सम्झौता भएको छ । विशेष अनुदानबाट निर्माण हुन लागेको उक्त भवन ढिला ठेक्का सम्झौता भएको कारण आर्थिक बर्ष २०७८।७९ मा खर्च नभइ बाँकी रहेको रु १०६०००००।फिर्ता गरेकोमा आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा भवन निर्माणको लागि बजेट विनियोजन भएको छैन । निर्माण व्यवसायीले भवन निर्माणको कामको करिव भौतिक प्रगती ९० प्रतिशत पुरा गरेकोमा भवन निर्माणको लागि बजेट विनियोजन नभएकोले वाँकि रहेको भवनको निर्माण काम समेत हुन सकेको छैन ।पालिकाले हाल सम्म निर्माण व्यवसायीलाई रु २४५०९४२।मात्र भुक्तानी दिएको निर्माण गरेको कामको भुक्तानी दिन नसकेकोमा निर्माण व्यवसायीले पटक पटक कार्यालयमा भुक्तानीको लागि पत्राचार गरेको कार्यालयको भनाई रहेको छ ।स्वास्थ्य चौकीको भवन निर्माणको कार्यको लागि सम्वन्धित निकायबाट बजेट व्यवस्था नहुदा स्वास्थ्य भवन अधुरो रहन गएको देखिन्छ ।जसले गर्दा आम नागरीक स्वास्थ्य सेवाको सुविधा पाउनबाट बन्चित रहेकोले स्वास्थ्य चौकीको भवन निर्माणको लागि बजेट विनियोजन गरी भवन निर्माण कार्य यथासक्य छिटो सम्पन्न गर्न सम्वन्धित निकायले ध्यान दिनुपर्दछ ।

१११.२ **१५ वेड अस्पताल निर्माण पश्चात भवन हस्तान्तरण नभएको** - ठे.न १७।०७७।७८ गाँउपालिकाले १५ शैया अस्पताल निर्माणको लागि रु.१७४२८७१७७।०८ को लागत अनुमान तयार गरी निमार्ण व्यवसायी विकोई/अर्जुन/न्यू लिजा जे.भी, गुल्मीसँग मिति २०८०।०३।३१ मा सम्पन्न गरी २०७८।०३।२५मा रु.१२९४५६९१३।१६ को सम्झौता गरेकोमा गत सालसम्म मूल्य समायोजन सहित रु.१४११९०५५५। भुक्तानी भएको छ । निर्माण व्यवसायीले मिति २०८०।३।२९ मा निर्माण कार्य सम्पन्न गरी फाइनल विल पेश गरेकोमा संघीय सरकारबाट आर्थिक वर्ष २०७९।८० मा अन्तिम किस्ता रकम विनियोजन नहुदा भुक्तानी बाँकी रहेको छ । निर्माण सम्पन्न भएको १५ वेड अस्पतालको लागि बाँकी रहेको रकम विनियोजन गरी निर्माण व्यवसायीबाट भवन हस्तान्तरण गर्नुपर्नेमा आर्थिक वर्ष २०८०।८१ मा अस्पताल भवनको लागि रु.४ लाख मात्र बजेट विनियोजन गरेको छ भने हाल सम्म निर्माण व्यवसायीलाई रु. १३३१९८६१।भुक्तानी दिन बाँकी रहेको छ ।

निर्माण सम्पन्न भएको अस्पतालको भुक्तानी दिन बाँकी रहेकोले निर्माण व्यवसायीले सम्पन्न भएको अस्पताल भवन हस्तान्तरण नगरेकोले बजेट विनियोजन गरी अस्पताल भवन पालिकालाई हस्तान्तरण गर्न सम्वन्धित निकायले पहल गर्नुपर्दछ भने १५ बेड अस्पताल संचालन गर्नको लागि गाउँपालिकासंग आवश्यक जनशक्ती व्यवस्थापन गर्न र अस्पतालको लागि चाहिने स्वास्थ्य उपकरण लगायत सामाग्रीको कसरी व्यवस्थापन गर्ने कुनै योजना तथा बजेट समेत नभएकोले अस्पताल संचालन ल्याउने सम्वन्धमा पनि सरोकार सवै निकायको ध्यान जानुपर्ने देखिन्छ ।

### ११२ उपभोक्ता समिति मार्फत कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममूलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममूलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममूलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । पालिकाले उपभोक्ता समितिबाट भएको

कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको रु ८ करोड ७५ लाख को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु. ६ करोड ३७ लाख ३० हजार भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

११२.१ उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको र केहिमा त्यस्तो सिफारिस समेत संलग्न नगरेको समेत देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

११२.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वियन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वियन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

११२.३ कामको नापजाच कतिपय योजनाको नापी कितावमा प्राविधिक कर्मचारी तथा स्वीकृत गर्नेको हस्ताक्षर तथा मिति देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापी किताव, ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो ।

११२.४ बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

११२.५ अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको उक्त विवरणहरु उल्लेख देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्ने गरी अनुगमन गरेर सोही अनुसारको अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

११२.६ **आयोजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण

जस्ता कार्य गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

**११३ हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १०मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ ।यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

**११४ प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको केही रनिंग बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको र लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकोले प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

**११५ उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग सम्झौता गरी काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको डोजर विल राखी भुक्तानी लिने गरेको देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले केवल प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेको र समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको नियम अनुसार देखिएन । पालिकाले नियम अनुसार कार्य गराउनुपर्दछ ।

| भौ.नं. | उपभोक्ता समिति | सम्झौता | कार्यसम्पन्न | खर्च भुक्तानी | निर्माण व्यवसायी | नि व्य विल |
|---|---|---|---|---|---|---|
| ४४।०८०।१०।२४ | वडास्तरीय मोटरबाटो मर्मत संभार | १२९३५५१ | १२९५८८३ | ११६४००० | कंडेल निर्माण सेवा | ११६४०६४ |
| १२१।०८०।११।१३ | वडास्तरीय मोटरबाटो मर्मत संभार | ९७२१८४ | ९७३७१९ | ८७३००० | शाईन कन्स्ट्रकसन प्रा लि | ८७४६२८ |
| १८४।०८०।१२।२५ | वडाका विभिन्न मोटरबाटो उ स | ६८५५६६ | ६८८०८९ | ६२२७४० | कंडेल निर्माण सेवा | ६२२७७१ |
| ३४६।०८१।३।२१ | वडास्तरीय मोटरबाटो मर्मत संभार वडा नं ७ | ६८३००० | ६८२००० | ६०१३४० | शाईन कन्स्ट्रकसन प्रा लि | ६०१३९९ |
| | | | | | | ३२६२१९४ |

११६ **नक्सा पास नभएको**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि पालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु नहुने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत निर्माण भएका भवनहरुको नक्सा पास गरेर भवण निर्माण भएको देखिएन । यस गाउँपालिकावाट निर्माण भएका भवनहरुको समेत नक्सा पास नगरी भवन निर्माण नभएका केही उदाहरण निम्न रहेका छन ।

| सि नं | भवनको नाम | सम्झौता मिति | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ६ नं. वडा कार्यालय भवन निर्माण | २०८०।३।४ | ३५२११४२ | ११६४६३२ |
| २ | म्यालपोखरी मा.वि. २कोठे भवन निर्माण | २०८१।१।२६ | २१६२२६४ | १९५९५७४ |

पालिकाबाट नक्सा पारित नगरि भवन निर्माण हुदा ऐनमा भएको व्यवस्थाको कार्यान्वियन नहुनुको साथै भवन निर्माण मापदण्ड पुरा गरेर निर्माण भए नभएको सुनिश्चित हुन सकिदैन । ऐनमा भएको व्यवस्थाको कार्यान्वियन गरी गाउँपालिका अन्तर्गत निर्माण हुने भवन निर्माणको नक्सा पारित गरेर मात्र भवन निर्माण कार्य हुनुपर्दछ ।

११७ **म्यालपोखरी मा.वि गौडाकोट गुल्मी, कक्षाकोठा निर्माण**

११७.१ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

११७.२ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१०,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

११७.३ **गुणस्तर परिक्षण** – सार्वजनिक खरिद नियमावलीको नियम १११ र ११५ को आधारमा रु. २० लाख भन्दा बढीको निर्माण कार्यमा गुणस्तर व्यवस्थापनका लागि निर्माण सामाग्रीहरुको परिक्षण तथा निरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा निर्माण सामाग्री परीक्षण गराएको पाइएन यसले गर्दा निर्माण कार्यमा गुणस्तरयुक्त काम भएको आश्वस्त हुन सक्ने अवस्था देखिदैन । विद्यालयको कक्षा कोठा निर्माणसंग सम्बन्धि आर.सि.सि., ब्रिक र स्टोन सिमेन्ट मेशिनरी जस्ता कार्यहरुका लागि हुनुपर्ने क्युब टेस्ट, सिमेन्ट एग्रिगेट टेस्ट र टेन्साईल

टेस्टहरु गरेको पाईएन । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षण हुनु पर्दछ ।

## ११८ परामर्श सेवा खरिद

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ ।नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष तथा विगत ३ वर्षमा परामर्श सेवा खरिद गरी देहाय अनुसार खर्च गरेको छ ।

११८.१ पालिकाबाट गत विगत वर्षमा परामर्शदाता मार्फत भएको डिपिआर तथा अन्य परामर्श अध्ययन प्रतिवेदनको विवरण माग भएकोमा सोको विवरण प्राप्त नभएकोले विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका समेत यस वर्षको परामर्श अध्ययन प्रतिवेदन तथा सोको कार्यान्वयन अवस्था निम्न बमोजिम रहेको छ । गत विगतमा भएका अध्ययन प्रतिवेदनहरु कार्यान्वयन गर्नुपर्दछ ।

| क्र.सं. | आर्थिक वर्ष | कार्यक्रमको नाम | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत | उपयोग तथा कार्यान्वयन अवस्था |
|---|---|---|---|---|---|---|
| १ | २०७७।७८ | १५ शैयाको अस्पतालको डि पी आर | इगल्स सोलुसन प्रा लि | १७५४३२५ | | कार्यान्वयनमा रहेको |
| २ | २०७८।७९ | श्री ईश्वरी मा.वि. १६ कोठे भवन निर्माण | ऐरो कन्सल्टेन्ट्स प्रा. लि | ४७२ | ४८४७००० | कार्यान्वयनमा रहेको |
| ३ | २०७९।८० | प्रशासकिय भवन | एम्बियन्स कन्सल्ट प्रा. लि | ९९७००० | २०३१००००० | |
| ४ | २०८०।८१ | आवधिक योजना र मध्यमकालिन खर्च संरचना | अलानाइन्टरनेशनल सर्विसेस प्रा.लि. | १९६०५५० | | कार्यान्वयनमा रहेको |
| ५ | २०८०।८१ | वास योजना निर्माण | नब किरण नेपाल | १२८०५१६ | | कार्यान्वयनमा रहेको |
| ६ | २०८०।८१ | प्रशासकीय भवनको IEE निर्माण | जिल इन्जिनियरिङ्ग सोलुसन प्रा. लि. | ४९६०७० | | कार्यान्वयनमा रहेको |
| ७ | २०८०।८१ | ढुङ्गा गीटी बालुवाको वढीघाट खोला IEE निर्माण | बारबरा ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि. | ४९६०७० | ८२४९५० | कार्यान्वयनमा रहेको |
| ८ | २०८०।८१ | सडक गुरुयोजना | हेबाइल इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | १४९५३८० | ३५१३२२३६९८ | कार्यान्वयनमा रहेको |
| ९ | २०८०।८१ | रुन्खा दह मा वि १६ कोठे भवन डीपीआर खर्च | हरि ॐ इञ्जिनियरिङ्ग कन्सल्टेन्सी | ४९६०७० | | कार्यान्वयनमा रहेको |

११८.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाइन्छ । नर्मस निर्धारण गरी लागत अनुमान तयार गर्नु पर्दछ । पालिकाले परामर्श कार्यको भुक्तानी गर्दा सोधभर्ना हुने आईटमको कार्यको विल वेगर भुक्तानी गर्ने देखिएकोले विल भरपाई र खर्च पुष्ट्याई हुने गरी मात्र परामर्शदातालाई भुक्तानी गर्नुपर्दछ । परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी मात्र

परामर्शदातालाई भुक्तानी दिनुपर्दछ । साथै सम्झौता अनसारका सबै प्रतिवेदनहरु तोकिएको परिमाणमा प्राप्त गर्नुपर्दछ । पालिकाले परामर्श तर्फको कार्य तथा भुक्तानीमा आगामी दिनमा सुधार गरिनुपर्दछ।

११९ **परामर्श सेवाको लागत**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको छ ।गुल्मीदरबारको समग्र विकासका लागि पञ्च वर्षिय ( २०८१।८२ देखि ०८५।८६) आवधिक योजना तयार गर्न travel to site and field work .40 days and study and office work 50 days लाग्ने आधार लिइ लमसम दर राखी लागत अनुमान रु १९९९५३५। भ्याट सहित तयार गरेको छ ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७० मा सार्वजनिक निकायले बीस लाख भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्न खरिद ऐनको दफा ३० बमोजिम राष्ट्रिय स्तरको पत्रिकामा १५ दिनको सुचना प्रकाशन गरी आसयपत्र माग गर्नुपर्ने उल्लेख छ ।पालिकाले सुचना प्रकाशन नगर्ने गरी विना आधार लमसम दर राखी लागत अनुमान बीस लाख भन्दा कमको तयार गरी सोझै प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी अलाना इन्टर नेशनल सर्विसेस प्रा लि संग रु १९६०५५०। मा सम्झौता गरी रु १९६००००।भुक्तानी दिएको छ । वास्तविक लागत अनुमानको आधार वेगर लमसम दर राखी सोझै प्रस्ताव माग गरी खर्च लेखेको छ । लागत अनुमानको विश्लेषण गरी सोही अनुसार मात्र खर्च लेख्नुपर्दछ ।

१२० **पेश्की व्यवस्थापन**

पेश्की व्यवस्थापन यससम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

१२०.१ **पेश्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारीलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.३००००।०० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ३००००।०० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| भौ. नं .. ।पेश्की मिति | विवरण | कर्मचारीको नाम | पेश्की रु. |
|---|---|---|---|
| ३६९।०८१।३।२१ | रोजगार संवाद मञ्चको सञ्चालन | तेजराज थापा | ३०००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ३०,००० |

१२०.२ **मोविलाईजेशन पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष २ निर्माण व्यवसायीलाई देहायका निर्माण कार्यका लागि रु.८८५००००।०० मोविलाईजेशन पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्त्यसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फर्स्यौट गर्नुपर्दछ ।

| भौ. नं .. ।पेश्की मिति | विवरण | निर्माण व्यवसायी | पेश्की रु. |
|---|---|---|---|
| ३।०८०।८।३० | उपल्लो हटिया चिनिया पोखरी भरवा राङ्बास फेदी खर्ज्याङ् मोटर बाटो स्तरोन्नति | देउराली इन्जिनियरिङ्ग कम्पनी .प्रा. लि. | १९००००० |
| ६।०८०।१०।५ | | | |
| २२।०८१।२।२ | | | |
| १२।०८१।१।३० | श्री रुन्खादह माध्यमिक विद्यालय (१६ कोठे) भवन निर्माण , गुल्मीदरबार-४ | श्रेष्ठ कन्स्ट्रक्सन सेवा | ६९५०००० |
| | | | ८८५०००० |

१२०.३ **पेश्कीको एकिकृत विवरण** – सुत्र प्रणालीको म.ले.प.फा.नं. २११::फर्छयौट गर्न बाँकी पेश्कीको मास्केवारी २०८०।८१ अनुसार आर्थिक वर्ष २०८०।८१ सम्म देहाय अनुसारको पेश्की बाँकी रहेको विवरण प्राप्त भएकोले नियमानुसार पेश्की फर्छयौट हुनुपर्दछ ।

| विवरण | कर्मचारी पदाधिकारी वा फर्मको नाम | गत वर्षको पेश्की बाँकी | यस वर्षको थप | गत वर्षको बाँकी | जम्मा |
|---|---|---|---|---|---|
| कर्मचारी | | | | | |
| दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम | उजेली देवी थापा | 0 | २, ०० , ०००.०० | 0 | २, ०० , ०००.०० |
| रोजगार संवाद मञ्चको सञ्चालन | तेजराज थापा | 0 | ३०,०००.०० | 0 | ३०,०००.०० |
| बिमा तथा नवीकरण खर्च | भिमसेन थापा | ३०,०००.०० | 0 | ३०,०००.०० | ३०,०००.०० |
| संस्थागत | | | | | |
| इश्वरी मा. वि. प्राविधिक कार्यालयबाट वित्तिय हस्तान्तरण भइ भुक्तानी दिनु पर्ने वडा नं. ६ | इश्वरी मा.वि | ३, ०० , ०००.०० | 0 | ३, ०० , ०००.०० | ३, ०० , ०००.०० |
| मोविलाइजेसन | | | | | |
| उपल्लो हटिया चिनिया पोखरी भरवा राङ्बास फेदी खर्ज्याङ् मोटर बाटो स्तरोन्नति | देउराली इन्जिनियरिङ्ग कम्पनी .प्रा. लि. | 0 | 19, 00 , 000 | 0 | 19, 00 , 000 |
| श्री रुन्खादह माध्यमिक विद्यालय (१६ कोठे) भवन निर्माण , गुल्मीदरबार-४ | श्रेष्ठ कन्स्ट्रक्सन सेवा | 0 | ६९, ५० , ०००.०० | 0 | ६९, ५० , ०००.०० |
| जम्मा | | ३, ३० , ०००.०० | ९०, ८० , 000 | ३, ३० , ०००.०० | ९४, १० , ०००.०० |

## १२१ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन, आर्थिक सहयोग, जस्तापाता खरिद, पाइप खरिद, फर्निचर व्यवस्थापन जस्ता शिर्षकबाट भुक्तानी दिएको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित पारदर्शी तवरले गरिनुपर्दछ। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ। केही उदाहरण देहाय अनुसार रहेका छन्

| भौ. न . | कार्यक्रम | सामाग्री | रकम रु | |
|---|---|---|---|---|
| विभिन्न | जस्ता पाता खरिद | जस्ता पाता वित्तरण | ४८९८३७ | वडाहरु मार्फत |
| ३२९।०८१।३।२१ | गौरी संकर कृषि सहकारीलाई फर्निचर व्यवस्थापन | १ थान टेबल १ थान र कुर्सी २ थान) | ५०००० | गौरी संकर कृषि सहकारी |
| २०८।०८१।१।१४ | डि फ्रिज खरिद वडा नं. ३ | डि फ्रिज खरिद | ५०००० | भुसाल कृषि तथा पशुपंक्षि फर्म |

१२२ **मू.अ.कर समायोजन**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

| भौ नं | कार्य | व्यवसायी | कर दर्ता नं | | विल नं | मिति | कुल विल रकम | मूअकर | ७० प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| ४०।०८१।३।२३ | थाक्सीपोखरा गल्छेकोट भुंगरेथान सडक वडा नं. १ | बस्नेत कन्स्ट्रकसन | ३००२०८८२९ | Non-filer since 2080/T/2 | ६२ | ०८१।३।१९ | ४६५४९७ | ५३५५२ | ३७४८६ |

| प्रमाण पेश नगरेको | ३७,४८६ |
|---|---|

१२३ **सहकारी फर्निचर व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले भौ.नं. ३२९।०८१।३।२१ बाट गौरी संकर कृषि सहकारीलाई फर्निचर व्यवस्थापन (१ थान टेबल १ थान र कुर्सी २ थान) का लागि सचिन स्टोर्सलाई रु. ५००००।०० भुक्तानी दिएकोमा वितरणको प्रमाणित भरपाई पेश भएको छैन। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित पारदर्शी तवरले गरिनुपर्दछ। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ। साथै उक्त सामग्री सम्वन्धित लाभग्राहीले बुझेको भरपाई पालिकाले संलग्न नगरेको हुँदा लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात लगायत प्रमाणित वितरणको भरपाई तथा अनगुमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५०,००० |
|---|---|

१२४ **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

१२४.१ म**र्मत सम्भार तथा संरक्षण आवेदन फारम र अभिलेख किताव** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २५र नियमावली २०७७ नियम ३९मा भुक्तानीलाई व्यवस्थित र प्रभावकारी बनाउनु पर्ने व्यवस्था रहेको छ ।तर यस कार्यालयले केहि सामान मर्मतमा मर्मत आदेश स्वीकृत गरेता पनि ,कार्यलयको सवारीसधन,मेसिनरी उपकरण कार्यालय सामान, फर्निचर, लगायताका पुँजीगत सामानको मर्मत सम्भार गर्दा मर्मत सामानको लगत इष्टिमेट तयार नगरिएको, मर्मत भएको कुरा सम्बन्धीत कर्मचारी वा प्राविधिकबाट प्रमाणित नगराएको र मर्मत अभिलेख किताब समेत राखेको पाइएन ।

पालिकाले विभिन्न मितिमा सावारी साधान मर्मत गरेको भनि फरक फरक भौचर बाट रु २६००००० र (खर्च लेखेकोमा पालिकाले सवारी साधन मर्मत अभिलेख राखेको पाईएन जसले गर्दा अभिलेख र वास्तविक खर्च एकिन गर्न समेत सकिदैन । त्यसैगरी रु.५००० भन्दा बढी रकमको सामान फेर्दा कार्यालयमा उक्त्त नयाँ सामान दाखिला गर्नु पर्ने र पुराना सामान कार्यालयमा अभिलेख राखी एकमुष्ठ

रुपमा लिलाम गर्नु पर्दछ तर पालिकाले सो गरेको पाइएन । त्यसैले कार्यालयको कुनै पनि सामान मर्मत गर्दा लागत स्टिमेट, मर्मत आदेश स्वीकृत,मर्मत गरेको सम्बन्धीत प्राविधिक बाट प्रमाणित,मर्मत अभिलेख किताव म ले प फा नं.४१४ र ४१५ अनुसारको अभिलेख राखि पुर्ण रुपमा खर्चको पुष्टियाइ गरी भुक्तानी दिनु पर्ने देखिन्छ ।

१२४.२ **तलब भत्ता भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजम रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था रहको छ । तर पालिकाले वडा नं. २ जुभुङ्ङ्मा रहेको स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी माया देवी घर्तीको असार महिनामा नै अवकास भई साउन देखि म्याद थप नभएको तर साउन देखि कार्तिक सम्म तलब भत्ता भुक्तानी भएकोले उक्त तलब भत्ता असुल उपर गर्नु पर्ने रु

| महिना | भुक्तानी तलब | असुल रकम | कैफियत |
|---|---|---|---|
| साउन | २४४५४.९८ | २४४५४.९८ | |
| भाद्र | २४४५४.९८ | २४४५४.९८ | |
| असोज | ४८९०९.९६ | ४८९०९.९६ | चाडपर्व खर्च सहित |
| कार्तिक | २४४५४.९८ | २४४५४.९८ | |
| जम्मा | १२२२७४.९ | १२२२७४.९ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२२,२७५ |

१२४.३ **प्रमाण पेश गर्नु पर्ने :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९,५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित पुष्टायाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । स्थानीय तह रोजगार रणनीति तर्जुमा कार्यक्रमको रु.५००००/- रोजगार संयोजक तेजराज थापालाई भुक्तानी दिइएकोमा खर्चको वील भरपाइ रु. ६९००/- को खाजाको वील मात्र पेश भएकोले बाँकी रु.४३१००/- को खर्चको वील भरपाई पेश गर्नु पर्ने रु,

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४३,१०० |

१२४.४ **प्रमाण पेश गर्नुपर्ने** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९,५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका २०७३ बमोजिम प्रमाणित पुष्ट्याईको तथा खर्चको बील भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ। तर पालिकाले गो.भौ. १०८-२०८१।३।२३ वडा नं. ६ मा आलुखेति प्रवर्द्धन कार्यक्रममा ५०% अनुदानको कार्यक्रम बाट भगवती भैसी पालन तथा कृषि विउ उत्पादन फर्म बाट आलुको वीउ खरिद गरेको र भुक्तानी वडा नं. ६ को कृषि प्राविधक सकुन्तला मल्ल शाहीलाई रु ९८५०० रकम भुक्तानी दिएकोमा उक्त फर्मको भुक्तानी माग गरेको निवेदन र सो फर्मलाई रु १९८५०० (५०% अनुदान समेत) रकम उक्त फर्मको खातामा दाखिला गरेको बैंक भौचर तथा भरपाई पेश भएको नपाईएकोले प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९८,५०० |

१२४.५ **टनेल वितरण** - पालिकाले यस वर्ष पनि १३० पिस टनेल खरिद गरि ५० प्रतशित अनुदानमा वितरण गरेको पाइयो । पछिलो समयमा टनेल जुन ठाउँमा जसरी प्रयोग हुनु पर्ने हो त्यसैगरी प्रयोग नभइ घर, गोठ छाउने लगायतका अन्य प्रयोजनमा प्रयोग गरी दुरुप्रयोग भएको पाइन्छ । त्यसैले टनेल वितरण गर्दा टनेल प्राप्त गर्ने व्यक्तिले तरकारी खेती गरेको छ वा छैन, कति क्षेत्रफलमा खेति गरेको छ कति वटा टनेल आवश्यक पर्दछ भनी सम्बन्धित कृषि प्राविधिक बाट अनुगमन, स्टीमेट गरी वितरण गर्ने उपयुक्त छ भनि सिफारिस गरे पछि मात्र टनेल वितरण गर्नु पर्नेमा सो गरको पाइएन । यसरी पालिकाबाट वितरण गरीने जुनसुकै कार्यक्रमको टनेल वितरण सकेसम्म कृषी

फर्म दर्ता गरेको कृषक वा फर्मलाइ मात्र खेती गरेको छ वा छैन,कति क्षेत्रफलमा खेति गरेको छ प्राविधिक बाट स्टीमेट र अनुगमन गरी टनेल संख्या एकिन सिफारिस गरेपछि मात्र वितरण गरी राज्यको रकम सहि ठाउँमा उचित तरिकाले प्रयोग गर्ने तर्फ पालिका गम्भिर हुनु पर्ने देखिन्छ ।

१२४.६ **सामाजिक सुरक्षा**- संघिय सरकारले विभिन्न क्षेत्रमा सामाजिक सुरक्षा भत्ता रकम वितरण गर्ने गर्दछ जुन संघीय क्षेत्र अधिकार भित्र रहेको छ । यस गुल्मीदरवार गाउँपालिकाले यस वर्ष सामाजिक सुरक्षा शिर्षकमा वजेट विनियोजन गरी ग वर्गका अपाङ्गलाई मासिक रु ५०० र ४५ वर्ष माथिका अविवाहित महिलालाइ मासिक रु १००० र ५० वर्ष माथिका अविवाहित पुरुषलाइ मासिक रु.१०००।- का दरले रु.९७१५००/- रकम वितरण गरेको पाइयो । पालिकाले यसरी वितरणमुखी र दीर्घकालीन दायित्व बढने कार्यक्रम कुनै पनि ऐन तथा कार्यविधि निर्माण नगरी वितरण गर्दा रकम अनियमित हुने हुदाँ पालिकाले यस्ता कार्यक्रम संचालन गर्नु भन्दा पहिला कार्यविधि जारी गरी संचालन गर्नु पर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

१२४.७ **प्रमाण पेश गर्नु पर्ने** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ३९,५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित पुष्टायाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । वडा न. ६ को वडा संचालन तथा विविध कार्यक्रम शिर्षक बाट प्लाष्टिक कुर्चि ८७ थान खरिद गरेवापत श्रद्धमल्टी ट्रेड सेन्टरलाइ रु.९९३२७।०० रकम भुक्तानी दिएकोमा उक्त प्लाष्टिक कुर्चि हस्तानतरण गरी सम्बन्धित संस्थाको नाममा आम्दानि बाधेको प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,३२७ |

संपरीक्षणबाट थप भएको बेरुजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
| --- | --- | --- |
| १ | निजामती सेवा नियमावली २०५० को नियम ९३ मा कुनै निजामती कर्मचारी स्थानीय भत्ता पाउने स्थानमा वसी काम गरेको भएमा मात्र त्यस्तो भत्ता पाउने उल्लेख छ । अर्थ मन्त्रालयको मिति २०७१।४।२ को परिपत्रमा उल्लेखित नेपाल सरकार मन्त्री परीषदको मिति २०७१।३।२९ को निर्णयानुसार २०७१।४।१ देखि लागु हुने गरी स्वीकृत गरेको अनुसुचि १ देखि ९ सम्मको नयाँ तलवमान अनुसुचि १० को स्थानीय भत्ताको दर तोकीएको र गुल्मी जिल्ला घ वर्गको जिल्लामा रहेको छ । पालिकाले नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७१।४।१ गते देखि लागु हुने गरी स्वीकृत गरेको अनुसुची बमोजिम स्थानीय भत्ता खर्च लेख्नु पर्नेमा सहायक पाचौं खिम बहादुर कार्कीको उल्लेख भएको भन्दा रु.२१३०।- बढि दरले रु.२५५६०।- बढी भुक्तानी दिएकोमा सोमध्ये रु. २१२७६।- असुल भई रु.४२८४।- बाँकी रहेकोले सो सम्बन्धमा कागजात सहित प्रमाण पेश गर्नुपर्ने वा असुल गरेको प्रमाण पेश गर्नुपर्ने रु. | 4284.00 |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गुल्मीदरबार गाउँपालिका, गुल्मी , गुल्मीदरबार गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Rajiv Panthi | २०७९-१२-२९ | २०८१-४-८ |
| कार्यालय प्रमुख | भेषराज घिमिरे | २०८१-४-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | तेजेन्द्र थापा | २०८०-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,४५९,७८८ | १५,६६५,०२२ | ९,२९४,९८५ | ० | ० | २३०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २६,६४९,७९५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,३२८,१०५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ४,२८४ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २४,३२५,९७४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३३९३२९६३.५१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४३३९८१३९३.५३ | चालु खर्च | ४४२५१४१८२.२३ |
| प्रदेश सरकारबाट अनुदान | २६४९९११५.२३ | पूँजीगत खर्च | ११९३४५०२३.०९ |
| राजश्व बाँडफाँट | ७३१३७१७०.९७ | वित्तीय/अन्य व्यवस्था | ३९३४०७८.४९ |
| आन्तरिक आय | ५५१२४३५.२४ | | |
| अन्य आय | १८७७४९५७.१२ | | |
| कुल आय | ५५७९०५०७२.०९ | कुल खर्च | ५६५७९३२८३.८१ |
| बाँकी मौज्दात | | २६०४४७५१.७९ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ।म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।